# सम्पत्ति बीमा निर्देशन, २०८० (प्रथम संसोधन)

**स्वीकृत मिति: २०८१/ ०५/०२**

**प्रस्तावना:** सम्पत्ति बीमा निर्देशन, २०८० लाई समयसापेक्ष संसोधन गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (१) यो निर्देशनको नाम "सम्पत्ति बीमा निर्देशन, २०८० (प्रथम संसोधन)" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सम्पत्ति बीमा निर्देशिका, २०८० को अनुसूची १५ मा संसोधन:** सम्पत्ति बीमा निर्देशन, २०८० को अनुसूची १५ मा हाल रहेको व्यवस्थाको सट्टा देहाय बमोजिम परिमार्जन गरी राखिएको छ:

अनुसूची–१५

अनुसाङ्गिक क्षति (कन्सिक्वेन्सियल लस) बीमाको नमुना बीमाशुल्क गणना गर्ने उदाहरण

(दफा ४५ सङ्ग सम्बन्धित)

अनुसाङगिक क्षति बीमाको बीमाशुल्क गणना गर्ने तरीका

| सम्पत्ति बीमा- हाइड्रोपावर (जलविद्युत) | |
|---|---|
| बीमाङ्क रु. | रु २०,००,००,०००।- |
| आधारभूत बीमा दर ( प्रति हजार) | २.०० |
| बीमाशुल्क रकम रु. | रु ४,००,०००।- |

| अनुसाङगिक क्षति (कन्सिक्वेन्सियल लस) बीमा | | | | |
|---|---|---|---|---|
| बर्गीकरण | ३ महिना सम्म सम्पत्ति बीमा दरको १२५ प्रतिशत प्रति हजार | ६ महिना सम्म सम्पत्ति बीमा दरको २०० प्रतिशत प्रति हजार | ९ महिना सम्म सम्पत्ति बीमा दरको २५० प्रतिशत प्रतिहजार | १२ महिना सम्म सम्पत्ति बीमा दरको ३०० प्रतिशत प्रतिहजार |
| अनुसाङगिक बीमाङ्क | रु. ४,००,००,०००।- | रु. ४,००,००,०००।- | रु. ४,००,००,००० ।- | रु. ४,००,००,०००।- |
| आधारभूत बीमा दर ( प्रति हजार) | २.५ | ४.०० | ५.०० | ६.०० |
| बीमाशुल्क रकम रु. | १,००,०००।- | १,६०,०००।- | २,००,०००।- | २,४०,०००।- |
| कुल बीमाशुल्क (सम्पत्ति तथा अनुसाङगिक क्षति बीमा ) | ५,००,००० ।- | ५,६०,००० ।- | ६,००,००० ।- | ६,४०,००० ।- |

- *अनुसाङ्गिक क्षति बीमा (Consequential Loss Insurance) को लागि उल्लेख गरिएको बीमाशुल्कमा आतङ्कवाद, हुलदङ्गा तथा द्वेशपूर्ण कार्यको (RSMDT) जोखिमको व्यवस्था बीमितको लागि ऐच्छिक नभई अनिवार्य हुने।*

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,का.
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशन
दर्ता नं: ८७/०८२
दर्ता मिति: २०८२/१२/२
स्वीकृत मिति: २०८० असोज १६ गते

# सम्पत्ति बीमा निर्देशन, २०८०

**प्रस्तावना:** निर्जीवन बीमा व्यवसाय अन्तर्गत जमिनमा आधारित सम्पत्ति तथा घर सम्बन्धी बीमाको स्तरीकृत बीमालेख तयार गरी सोका लागि आवश्यक पर्ने बीमादर निर्धारण तालिका समेत निर्माण गरी प्रचलनमा ल्याउनका लागि बीमादर सल्लाहकार समितिको सिफारिसमा बीमा ऐन, २०७९ को दफा १६६ को अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले सम्पत्ति बीमा निर्देशन, २०८० बनाएको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशनको नाम **"सम्पत्ति बीमा निर्देशन, २०८०"** हुनेछ।

(२) यो निर्देशन विक्रम सम्वत् २०८० साल कार्तिक १ गते देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** यस निर्देशनमा प्रयोग भएका प्राविधिक शब्दावलीको परिभाषा बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

परिच्छेद–२

## बीमालेख सम्बन्धी व्यवस्था

३. **बीमा करार:** (१) बीमकले यस निर्देशन बमोजिम जारी गरेको बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२)बीमालेखमा उल्लेख भएका शर्त व्यवस्था लगायत सम्पूर्ण प्रावधान बीमक तथा बीमित दुवैले पालना गर्नुपर्नेछ।

(३)बीमालेख जारी गर्नु अघि बीमकले बीमितबाट अनुसूची–१ वा अनुसूची–२ वा अनुसूची–३ बमोजिमको पूरा भरेको प्रस्ताव फाराम प्राप्त गर्नु पर्नेछ।

(४)धितोबन्धक वा धरौटी राखिएको सम्पत्तिको हकमा धितोबन्धक वा धरौटी लिने व्यक्ति वा सँस्था (ऋण प्रदायक) र धितोबन्धक वा धरौटी राख्ने ब्यक्ति (ऋणी) बीमित मध्ये एकजनाले प्रस्ताव फाराम भर्नु पर्नेछ।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमितलाई बीमालेखको अवधि समाप्त हुन लागेको जानकारी सहितको सूचना पठाउनु पर्नेछ।

(६)बीमितले सोही बीमकसंग पुनः सोही सम्पत्तिको बीमा गर्न चाहेमा उपदफा (५) बमोजिमको सूचनामा स्वीकृति जनाई बीमकलाई पत्र पठाउन वा छुट्टै पत्र पठाउन सक्नेछ र सोही आधारमा बीमकले प्रस्ताव फाराम प्राप्त गरेको मानी बीमालेख जारी गर्न सक्नेछ।

(७)उपदफा (६) बमोजिम बीमा गर्दा बीमा गरिने सम्पत्तिको विवरण, मूल्य, संख्या वा अन्य कुनै कुरामा फरक पर्न आएमा त्यसरी फरक पर्न आएको कुरा बीमितले पुनः बीमालेख जारी गर्नु अघि बीमकलाई जानकारी गराउनु पर्नेछ।

४. **बीमालेख जारी गर्ने:** (१) प्रत्येक बीमकले यस निर्देशनको अनुसूची–४ वा अनुसूची-५ वा अनुसूची–६ बमोजिम बीमालेख जारी गर्नु पर्नेछ।

(२) बीमालेखको बिषय, अन्तर्वस्तु (Content), शब्दावली तथा तत्सम्बन्धी कुरा प्राधिकरणले तोके बमोजिम हुनेछ।

(३) अन्यथा उल्लेख भएकोमा बाहेक बीमालेख कुनै निश्चित स्थानमा भएको जमिन वा स्थलमा आधारित सम्पत्तिको लागि मात्र लागू हुनेछ।

(४) बीमा प्रस्ताव फाराम, तालिका, बीमालेख तथा बीमालेखसङ्ग संलग्न पुष्ट्याई वा सम्पुष्टीलाई समग्र बीमा करारको रूपमा लिनु पर्नेछ।

५. **विवरण नभरी बीमालेख जारी गर्न नपाइने:** (१) प्रस्ताव फाराम तथा तालिकामा भर्नुपर्ने विवरण पूरा नभरी बीमालेख जारी गर्न पाइने छैन।

(२) बीमालेख जारी गर्नु अगावै बीमालेख जारी गर्नको लागि आवश्यक सम्पूर्ण विवरण हेरी, जाँची बीमा गर्नुपर्नेछ।

(३) "मोटामोटी" वा "अन्दाजी" जस्ता भावात्मक शब्द राखी बीमालेख जारी गर्न पाइने छैन।

(४) मोटर बीमालेख, सामुन्द्रिक बीमालेख, हवाई बीमालेख, इन्जिनियरिङ बीमालेख, कृषि,पशुपन्छी तथा जडिबुटी बीमालेख, नगद तथा मार्गस्थ बीमा र बैंकर्सको क्षतिपूर्ति बीमालेख लगायत विविध बीमा अन्तर्गत रक्षावरण हुने जोखिमको लागि यो बीमालेख जारी गर्न पाइने छैन।

तर, देहायको अवस्थामा अन्य बीमालेख अन्तर्गत रक्षावरण हुने सम्पत्तिको रक्षावरण यसै बीमालेख अन्तर्गत गर्न सकिनेछः

(क) गोदाम भित्र राखिएको मार्गस्थ सामान,
(ख) प्रयोग विहिन भएर घरमा राखिएको वा शोरूम वा गोदाममा रहेको सवारी साधन,
(ग) निर्माणाधीन भवन।

६. **अभौतिक सम्पत्तिको बीमा गर्न नपाइने:** कुनै पनि अभौतिक बस्तुको लागि यस निर्देशन बमोजिम बीमा गर्न पाइने छैन।
तर, अभौतिक सम्पत्ति सम्बन्धी उद्योग वा व्यवासाय रहेको भवन परिसर वा सम्पत्तिको बीमा गर्न बाधा पुग्ने छैन।

७. **जमिनको मूल्य कायम गर्न नपाइने:** (१) यस निर्देशन अनुसार बीमा गर्दा जमिनमा आधारित सम्पत्तिको मात्र बीमा गर्न सकिनेछ।
(२) उपदफा (१) अनुसार बीमा गर्नका लागि बीमा गरिने सम्पत्तिको बीमाङ्क कामय गर्दा सम्पत्ति रहेको जमिनको मूल्याङ्कन गर्न पाइने छैन।

८. **बीमालेख संशोधन तथा परिमार्जन गर्न नपाइने:** बीमालेखको शब्दावली, विषय, अन्तर्वस्तु, ढाँचा तथा बीमालेखको कुनै पनि कुरा कसैले संशोधन, परिमार्जन तथा कुनै परिवर्तन गर्न पाउने छैन।

९. **अलग अलग खुलाउनु पर्ने:** (१) बीमालेखमा बीमाशुल्क गणना गर्दा देहाय बमोजिमको सम्पत्तिको बीमाङ्क रकम अलग अलग खुलाउनु पर्नेछः
(क) भवन तथा निर्माणाधीन भवन (भवनमा पर्खाल स्वतः समेटिनेछ।)
(ख) यन्त्र तथा उपकरण (उद्योग ब्यवसाय भए प्रत्येक यन्त्र उपकरणको खरिद तथा जडान मिति समेत खुलाउने)
(ग) कच्चा पदार्थ,
(घ) उत्पादन प्रकृयामा रहेको मौज्दात (वर्क इन प्रोग्रेस),
(ङ) तयारी बस्तु,
(च) अर्धतयारी बस्तु तथा एसेम्ब्लिङ तथा प्याकेजिङ सरसामान
(छ) फर्निचर, फिक्चर्स तथा फिटिंग्स,
(ज) नगद, सुनचाँदी गरहगहना तथा हिरा जवाहरत,
(झ) नक्सा, ढलाईको साँचो, पाण्डुलिपि, चित्रकला, कलात्मक बस्तु तथा दुर्लभ सामग्री,
(ञ) अन्य सरसामान।
(२) दफा (१) को (ञ) बमोजिमको अन्य सरसामानको हकमा प्रत्येक पाँच लाख रूपैंया भन्दा बढी मूल्य पर्ने सम्पत्तिको विवरण अलग अलग खुलाउनु पर्नेछ।
(३) बीमा सम्बन्धी मूलभूत विवरण, बीमा गरिने सम्पत्तिको विवरण तथा बीमाशुल्क गणना सम्बन्धी विवरण अनुसूची–७, अनुसूची–८ र अनुसूची–९ बमोजिम बीमालेख तालिकामा प्रष्ट ढंगले उल्लेख गर्नुपर्नेछ।

१०. **बीमालेखको अवधि:** (१) बीमालेख एक बर्ष वा सो भन्दा कम अवधिको लागि मात्र जारी गर्न सकिनेछ।
(२) बीमालेख जारी गर्दा जारी भएको समय तथा जोखिम प्रारम्भ भएको मिति (घण्टा र मिनेट सहित) उल्लेख गर्नु पर्नेछ।
(३) बीमालेख जारी हुने मिति र जोखिम प्रारम्भ हुने मिति सात दिन भन्दा बढीको फरक पारी बीमालेख जारी गर्न पाइने छैन।
तर, बीमालेख नवीकरणको हकमा जोखिम प्रारम्भ मितिभन्दा अघिनै बीमालेख जारी गर्न सकिनेछ।
(४) जोखिम प्रारम्भ भएको अर्को बर्ष सोहि मितिको अघिल्लो मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

११. **छोटो अवधिको बीमा:** (१) बीमितले अनुरोध गरेमा बीमकले एक बर्ष भन्दा कम अवधिको लागि बीमालेख जारी गर्नु पर्नेछ र त्यस्तो बीमालेखलाई छोटो अवधिको बीमालेख भनिनेछ।
(२) छोटो अवधिको बीमालेख एक पटक जारी भैसकेपछि पुनः समय बढाउन पाइने छैन।
(३) एकपटक छोटो अवधिको बीमा गरिसकेपश्चात पुनः छोटो अवधिको बीमा गर्दा छोटो अवधिकै बीमादर लागू हुनेछ।

१२. **भवनको आंशिक बीमा:** (१) पूर्णरूपले छुट्याइएको वा पक्का गारोद्वारा बाँकी भागसंग छुट्याइएको कुनै भवनको खण्डको बाहेक अन्य कुनै पनि भवनको आंशिक बीमा गर्न पाइने छैन।
(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामूहिक बसोबास भएको सँयुक्त घर (अपार्टमेन्ट) मा बसोबास गर्ने ब्यक्तिले आफ्नो स्वामित्वमा रहेको भागको मात्र बीमा गर्न सक्नेछ।

(३)सामूहिक बसोवास भएको सँयुक्त घर (अपार्टमेन्ट) मा बसोवास गर्ने ब्यक्तिले उपदफा (२) बमोजिम आ–आफ्नो स्वामित्वमा रहेको भागको अलग अलग बीमा गराएको रहेछ भने साझा भाग (कमन एरिया) को बीमा उक्त सँयुक्त घर (अपार्टमेन्ट) को घरधनी वा प्राधिकरण वा सोसाइटीले गर्न सक्नेछ।

(४)उपदफा (१) र (२) बमोजिम प्रत्येक बीमितले त्यस्तो भवनको आंशिक बीमा गर्दा बीमालेखमा बीमायोग्य हित प्रष्ट रूपमा खुलेको हुनुपर्नेछ।

(५)यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सामूहिक बसोबास भएको सँयुक्त घर (अपार्टमेन्ट) को घरधनी, प्रबन्धक, व्यवस्थापन प्राधिकरण, सोसाइटी वा उक्त सँयुक्त घरमा बीमायोग्य हित भएको व्यक्ति वा सँस्थाले उक्त भवनको बीमा गर्न पाउने अधिकार हनन हुने छैन।

१३. **निर्माणाधीन भवनको बीमाः** (१) निर्माणाधीन भवनमा निर्माण कार्य चालू गर्नको लागि बीमा गर्दा यन्त्र तथा उपकरण जडान गरिएको रहेछ भने त्यस्ता सबै यन्त्र तथा उपकरणको बीमा बीमितको इच्छा अनुसार भवनको बीमासङ्गै वा अलग्गै सम्पत्तिको रूपमा अलग्गै बीमा गर्न सकिनेछ।

(२) निर्माण प्रारम्भ गर्दाको बीमाङ्क रकमलाई निर्माण कार्यको प्रगति अनुसार बृद्धि गर्दै लैजान सकिनेछ र बीमकले बीमाङ्क बृद्धि गर्नु अघि बीमालेख सम्पुष्टी जारी गरी समानुपातिक रूपले थप हुन आउने बाँकी अवधिको बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ।

(३) बीमा अवधि समाप्त हुनु अगावै भवनको निर्माण कार्य सम्पन्न भएमा बाँकि अवधिको लागि सम्बन्धित जोखिमको प्रकार अनुसारको समानुपातिक बीमाशुल्क लिई बाँकी अवधिको लागि बीमालेख कायम गर्नु पर्नेछ।

१४. **पर्खाल सम्बन्धी व्यवस्थाः** (१) बीमा गर्दा बीमा गरिने सम्पत्ति वरिपरी रहेको सीमाना वा साँधको पर्खाल समेत स्वतः समेटिनेछ।

(२) खाली रहेको जग्गाको पर्खालको अलग्गै बीमा गर्न सकिनेछ।

(३) औद्योगिक क्षेत्र वा उद्योग परिसरमा रहेको पर्खालको बीमा उक्त पर्खालको मालिक वा बीमायोग्य हित भएको व्यक्तिले गर्नु पर्नेछ।

१५. **धितोबन्धक वा धरौटी सम्बन्धी ब्यवस्थाः** (१) धितोबन्धक वा धरौटी राखिएको सम्पत्तिको बीमा गर्दा बीमित वा धितोबन्धक वा धरौटी लिने सँस्थाले प्रस्ताव फाराम भर्न सक्नेछ।

तर, धितोबन्धक वा धरौटी लिने सँस्थाले प्रस्ताव फाराम भरेको रहेछ भने प्रस्ताव फाराम भर्नु पूर्व बीमितलाई लिखित जानकारी गराएको हुनु पर्नेछ।

(२) धितोबन्धक वा धरौटी राखिएको सम्पत्तिको बीमालेख बीमित तथा बीमा गरिने सम्पत्तिको धितोबन्धक वा धरौटी लिने सँस्थाको सँयुक्त नाममा जारी गर्नु पर्नेछ।

(३) धितोबन्धक वा धरौटी राखिएको सम्पत्तिको दाबी बापतको रकम धितोबन्धक लिने सँस्थालाई प्रदान गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको दाबी रकमको सम्बन्धमा धितोबन्धक वा धरौटी लिने सँस्थाले बीमितसङ्ग आफ्नो हिसाव फरफारक गर्नु पर्नेछ र फरफारक भए नभएको यकिन गरी बीमकले सोको प्रमाण राख्नुपर्नेछ।

(५) बीमा सम्बन्धमा कुनै जानकारी वा सूचना आदान प्रदान गर्नु परेमा धितोबन्धक वा धरौटी लिने सँस्थालाई जानकारी वा सूचना आदान प्रदान गरेमा बीमितलाई सूचना गरे सरह मानिनेछ।

(६) दाबी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा धितोबन्धक वा धरौटी लिने सँस्थाले गरेको कानूनी प्रक्रिया बीमक तथा बीमित दुबैलाई मान्य हुनेछ।

१६. **बीमालेखको प्रकारः** (१) यस निर्देशन अनुसार जारी गरिने बीमालेख देहायका प्रकारको हुनेछः

(क) सम्पत्ति बीमालेख

(ख) घर बीमालेख

(ग) अनुसाङ्गिक क्षति (कन्सिक्वेन्सियल लस) बीमालेख

(२) सम्पत्ति बीमालेख अन्तर्गत देहायका बीमालेखहरू हुनेछन्:

(क) सामान्य सम्पत्ति बीमालेख,

(ख) मूल्यांकित सम्पत्ति बीमालेख,

(ग) फ्लोटिङ सम्पत्ति बीमालेख,

(घ) घोषणा सम्पत्ति बीमालेख,

(ङ) फ्लोटिङ घोषणा सम्पत्ति बीमालेख, र

(च) पुनर्स्थापना सम्पत्ति बीमालेख

(३) सम्पत्ति बीमालेख जारी गर्दा उपदफा (२) बमोजिमको बीमालेखको प्रकार खुलाउनु पर्नेछ।

(४) जुनसुकै बीमायोग्य सम्पत्तिको लागि सम्पत्ति बीमालेख जारी गर्न सकिनेछ।

(५) घर बीमालेख घर वा आवासीय भवनको लागि मात्र जारी गर्न पाइनेछ।

(६) दुई करोड रूपैयाँ वा सो भन्दा कम रकमको बीमाङ्कको लागि मात्र घर बीमालेख जारी गर्न पाइनेछ।

१७. **बीमा गरिने सम्पत्तिको जोखिमको प्रकृति:** (१) बीमालेख जारी गर्दा बीमा गरिने सम्पत्तिको जोखिम देहाय मध्ये कुन प्रकृतिको हो सो खुलाउनु पर्नेछः

(क) अति सामान्य जोखिम,

(ख) सामान्य जोखिम,

(ग) मध्यम जोखिम,

(घ) उच्च मध्यम जोखिम,

(ङ) न्यून खतराजन्य जोखिम,

(च) मध्यम खतराजन्य जोखिम र

(छ) उच्च खतराजन्य जोखिम।

(२) फरक फरक प्रकृतिका सम्पत्तिहरू एउटै बीमालेख अन्तर्गत बीमा गरिने रहेछ भने त्यसरी उक्त बीमालेख अन्तर्गत बीमा गरीएका सम्पत्तिहरू मध्ये सवै भन्दा उच्च जोखिमयुक्त सम्पतिको बीमादर भएको बस्तुको प्रकृति खुलाउनु पर्नेछ।

१८. **मूल्यांकित बीमालेख:** (१) पुरातात्विक महत्वका संरचना तथा वस्तुहरू, स्मारक, क्युरियो सामान, कलात्मक बस्तु, पाण्डुलिपि, प्रचलनमा नरहेको यन्त्र तथा त्यस्ता प्रकृतिका बजार मूल्य निर्धारण गर्न नसकिने सम्पत्ति तथा बस्तुको लागि मात्र बीमा गर्नु परेमा मूल्यांकित बीमालेख जारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा त्यस्तो सम्पत्तिको मूल्य निर्धारण प्रमाणपत्रमा (मान्यताप्राप्त वा रजिष्टर्ड इन्जिनियर, भ्यालुएटर तथा विशेषज्ञ बाट प्राप्त प्रमाण पत्र) उल्लेखित मूल्य तय गरिएको मूल्यको आधारमा बीमा गर्नु पर्नेछ।

(३) मूल्यांकित बीमालेख जारी गर्नु अघि बीमकले अनिवार्य रूपमा बीमा गरिने सम्पत्तिको निरीक्षण गर्नु पर्नेछ।

(४) मूल्यांकित बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्दा ह्रास कट्टी गर्न पाइने छैन।

१९. **फ्लोटिङ बीमालेख:** (१) देशका विभिन्न स्थानमा रहेका मौज्दातको लागि एउटै बीमालेख जारी गर्नु परेमा फ्लोटिङ बीमालेख जारी गर्न सकिनेछ।

(२) मौज्दात रहेको स्थान नखुलाईकन फ्लोटिङ बीमालेख जारी गर्न पाइने छैन।

(३) सात भन्दा बढी स्थानमा रहेको सम्पत्तिको लागि फ्लोटिङ बीमालेख जारी गर्न पाइने छैन।

(४) यस दफा बमोजिम बीमालेख जारी गर्दा विभिन्न स्थानमा रहेको मौज्दात मध्ये सबैभन्दा उच्च दरको बीमादर सबै स्थानको मौज्दातमा लागु हुनेछ।

२०. **घोषणा बीमालेख:** (१) मौज्दातको मात्रामा तलमाथि हुन सक्ने अवस्थामा देहायको शर्तहरूको अधीनमा रही घोषणा बीमालेख जारी गर्न सकिनेछः

(क) बीमाङ्कको पूरै बीमाशुल्क बीमालेख जारी गर्नु अगावै लिनु पर्नेछ।

(ख) कूल बीमाङ्क रकम पाँच करोड रूपैंया भन्दा कम भएमा घोषणा बीमालेख जारी गर्न पाइने छैन।

(ग) बीमितले प्रत्येक महिना समाप्त भएको तीस (३०) दिन भित्र मौज्दातको संख्या र बजार मूल्यको आधारमा मौज्दातको मूल्य अनुसूची–१० बमोजिम घोषणा गर्नुपर्नेछ।

(घ) खण्ड (ग) अनुरूप बीमितले घोषणा नगरेमा पूरै बीमाङ्क रकम घोषणा गरेको मानिने छ।

(ङ) खण्ड (ग) बमोजिम घोषणा गरिएका रकमहरूको औषत रकम साविक बीमाङ्क भन्दा घटी हुन आउने भएमा त्यसरी घटी हुन आउने बीमाशुल्क रकम बीमितलाई फिर्ता गरिनेछ।

तर, त्यसरी फिर्ता गरिने रकम सुरू बीमाशुल्कको पच्चीस (२५) प्रतिशत भन्दा बढी हुने छैन।

(च) खण्ड (ङ) बमोजिम फिर्ता गर्नुपर्ने रकम बीमालेखको अवधि समाप्त भई अन्तिम घोषणा प्राप्त भएको पन्ध्र (१५) दिन भित्र अनुसूची–११ बमोजिमको बीमालेख संशोधन तालिकामा जनाई फिर्ता दिई सक्नु पर्नेछ।

(२) कूल मौज्दात भन्दा बढी हुनेगरी मौज्दातको घोषणा गर्न पाइने छैन।

(३) घोषणा बीमालेख जारी भैसकेपश्चात बीमाङ्क घटाउन पाइने छैन।

(४) प्रक्रियामा रहेको मौज्दात (वर्क इन प्रोग्रेस) को लागि घोषणा बीमालेख जारी गर्न पाइने छैन।
(५) छोटो अवधिको लागि घोषणा बीमालेख जारी गर्न पाइने छैन।
(६) बीमितको अनुरोध अनुसार बीमकले फ्लोटिङ घोषणा बीमालेख जारी गर्न सक्नेछ।

२१. **पुनर्स्थापना बीमालेख:** (१) क्षति भएको सम्पत्ति यथारूप यथास्थान पुनर्स्थापन गर्नका लागि पुनर्स्थापना बीमालेख जारी गर्न सकिनेछ।
तर भवन, मेसिनरी तथा यन्त्र उपकरणको लागि पुनर्स्थापना बीमालेख जारी गर्दा बजार मूल्यको आधारमा गर्नु पर्नेछ।
(२) यस बीमालेख अन्तर्गत कुनै क्षति भएमा बीमकले यथास्थान र यथास्थितिमा यथारूप उक्त बीमा गरिने सम्पत्तिको पुनर्स्थापना गर्नका लागि लागेको रकम बीमाङ्कको सीमाभित्र रही भुक्तानी गर्नु पर्नेछ।
(३) यस बीमालेख अन्तर्गत बीमितले क्षति भएको एक बर्ष भित्र बीमा गरिने सम्पत्तिको पुनर्स्थापना गरी सक्नु पर्नेछ।
(४) उपदफा (३) बमोजिमको समय भित्र पुनर्स्थापना हुन नसकेको भनी बीमितले समय थप गर्न अनुरोध गरेमा बीमकले पुनर्स्थापनाका लागि उचित समय थप गरिदिनु पर्नेछ।
(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले बीमा गरिने सम्पत्ति यथास्थानमा पुनर्स्थापना गर्न अनिच्छुक भएमा वा बीमकले थपिदिएको समयावधिमा समेत सम्पत्ति पुनर्स्थापना गर्न नसकेमा सामान्य सम्पत्ति बीमालेख अनुसार दाबी भुक्तानी गर्न सक्नेछ।
(६) पुनर्स्थापना बीमालेख जारी गर्नु अघि बीमकले बीमा गरिने सम्पत्तिको निरीक्षण गर्नु पर्नेछ।
(७) पुनर्स्थापना बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्दा ह्रास कट्टी गर्न पाइने छैन।

२२. **अनुसाङ्गिक क्षति (कन्सिक्वेन्सियल लस) बीमालेख :** (१) बीमकले यस निर्देशनको अधीनमा रही अनुसाङ्गिक क्षति बीमालेख जारी गर्न सक्नेछ।
तर, सम्पत्ति बीमालेख जारी नगरी अनुसाङ्गिक बीमालेख मात्र जारी गर्न पाइने छैन।
(२) घर बीमाको लागि अनुसाङ्गिक क्षति बीमालेख जारी गर्न पाइने छैन।
(३) अनुसाङ्गिक क्षति बीमालेख जारी गर्दाका वखतमा नै बीमितिबाट मूल बीमालेख अन्तर्गत निजले लिन चाहेको क्षतिपूर्तिको अवधि किटान गरी बीमालेख जारी गर्नु पर्नेछ।
(४) अनुसाङ्गिक क्षति बीमालेख मूल बीमालेखको अवधि बराबर हुनु पर्नेछ।
(५) अनुसाङ्गिक बीमालेख अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ।

२३. **बीमा सम्बन्धी अन्य शर्त बीमालेख अनुसार हुने:** सम्पत्ति बीमा सम्बन्धमा हुने शर्त तथा अन्य ब्यवस्था बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

२४. **मिश्रित बीमालेख:** (१) यस निर्देशनमा भएको बीमालेखले कुनै खास बीमितको आवश्यकता समेट्न नसेकेको अवस्थामा बीमकले बीमितको आवश्यकता अनुसार यस निर्देशनमा उल्लेख भएको बीमालेखको अतिरिक्त कुनै फरक प्रकृतिको बीमालेख तयार गरी प्राधिकरणमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ।
तर, उक्त बीमालेख तयार गरी प्राधिकरणमा स्वीकृतिको लागि पेश गर्दा बीमितले सो बीमालेख तयार गर्न अनुरोध गरेको र पुनर्बीमकले जोखिम लिन स्वीकार गरेको प्रमाण पेश गर्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिम पेश हुन आएको बीमालेख प्राधिकरणले उपयुक्त ठानेमा पटके वा अस्थायी स्वीकृति प्रदान गर्नेछ।
(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त गरेको बीमालेख उक्त बीमित बाहेक अन्य कुनै पनि बीमितलाई विक्री गर्न पाइने छैन।
(४) यस दफा अनुसार जारी गरिने बीमालेखको लागि लिइने बीमादर यस निर्देशनमा उल्लेख भएको बीमादर भन्दा बढी हुने गरी बीमाशुल्क निर्धारण गर्नु पर्नेछ।

परिच्छेद–३

## बीमादर सम्बन्धी व्यवस्था

२५. **बीमादर अनुसार बीमाशुल्क लिनुपर्ने:** (१) यस निर्देशनमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गरी सोही बमोजिमको बीमाशुल्क लिनु पर्नेछ।

तर, दफा ४३ र ४४ को अधीनमा रही बीमकले तोकिएको भन्दा बढी बीमादर लिई बीमाशुल्क गणना गर्न सक्नेछ।

(२) यस निर्देशन बमोजिम जारी गरिने बीमालेखको बीमाशुल्कमा कुनै प्रकारको छुट (डिस्काउन्ट), रिहायत, कटौति वा सहुलियत दिन पाइने छैन।

तर, बीमा अभिकर्ताको प्रयोग नगरी सिधै बीमालेख बिक्री (प्रत्यक्ष बीमा) गरिएको अवस्थामा पाँच प्रतिशत वा अभिकर्ता प्रयोग गर्दा अभिकर्तालें पाउने रकम बराबरको रकम छुट प्रदान गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

(३) यस निर्देशन बमोजिम जारी गरिने बीमालेखमा जोखिमको श्रेणी अनुसार बीमाशुल्क गणना गर्दा हुन आउने कूल बीमाशुल्क रकममा दफा ४३ को अवस्था बाहेक अन्य कुनै पनि अतिरिक्त शिर्षकमा रकम थप गरी लिन पाइने छैन।

(४) एकपल्ट बीमालेख जारी भएपश्चात बीमा अवधिभर बीमादर वढाउन वा घटाउन पाइने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमा गरिने सम्पत्तिको भोगचलनमा परिवर्तन वा अनुसूची-१६ बमोजिमको जोखिम श्रेणीमा परिवर्तन भएमा बीमादर बढाउन वा घटाउन सकिनेछ।

तर, त्यसरी बीमादर बढाउनु वा घटाउनु अघि भोगचलनमा परिवर्तन भएको वा जोखिम श्रेणीमा परिवर्तन भएको प्रमाण अनुसूचूची-१४ बमोजिम बीमालेखमा संलग्न गरी राख्नु पर्नेछ।

२६. **एउटै दर लागू हुने:** (१) एउटा परिसर भित्र रहेका सबै सम्पत्तिको बीमा गर्दा बीमा गरिने ति सबै सम्पत्तिको लागि एउटै बीमादर कायम गरी बीमाशुल्क गणना गर्नुपर्नेछ।

**स्पष्टिकरण:** परिसर भन्नाले बीमा गरिने सम्पत्तिको कम्पाउण्ड वाल (पर्खाल) सहितको क्षेत्र तथा कम्पाउण्ड वाल (पर्खाल) नभएको खण्डमा उक्त सम्पत्तिले चर्चेको वा ओगटेको क्षेत्र सम्झनु पर्छ र बीमा गर्दा स्वत: पर्खाल समेटिनेछ।

(२) एउटा बीमालेख अन्तर्गत एउटा भन्दा बढी स्थानमा रहेको सम्पत्तिको बीमा गरिएको रहेछ भने प्रत्येक अलग अलग स्थानको सम्पत्तिको विवरण उल्लेख गरी ति मध्यै सवैभन्दा उच्च जोखिम भएको सम्पत्तिको बीमादर कायम गरी बीमाशुल्क गणना गर्नुपर्नेछ।

२७. **जोखिममा आधारित बीमादर:** (१) प्राकृतिक विपत्तिजन्य जोखिमको लागि प्राधिकरणले जोखिममा आधारित बीमाशुल्क निर्धारण प्रणाली (Risk based pricing) लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको जोखिममा आधारित बीमाशुल्क निर्धारण प्रणाली व्यावसायिक, औद्योगिक र सार्वजनिक सम्पत्तिहरूको लागि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रणाली विभिन्न चरणमा (Phase-Wise) लागू गरिनेछ र बीमा गरिने सम्पत्तिमा रहेको अन्तर्निहित जोखिम भौगोलिक अवस्थिति, निर्माणको प्रकार तथा उपयोग आदिलाई आधार मानी गरिनेछ।

(४) यस दफाको प्रयोजनको लागि बीमादर सम्बन्धी प्राविधिक कार्य गरी बीमादर सल्लाहकार समितिलाई सिफारिस गर्नका लागि जोखिममा आधारित बीमादर सिफारिस उपसमिति गठन गरिनेछ।

(५) यस दफा बमोजिमको जोखिममा आधारित बीमादर सम्बन्धी व्यवस्था वि.सं.२०८१ साल श्रावणबाट लागू हुनेछ।

२८. **खुलाउनु पर्ने:** बीमालेख जारी गर्दा जोखिम संकेत, दर संकेत, बीमाशुल्क दर तथा बीमाशुल्क प्रष्ट ढंगले बीमाशुल्क गणना तालिका बमोजिम खुलाई गणना गर्नु पर्नेछ।

२९. **छनोट गर्न नपाउने:** बीमितले यस निर्देशन अनुसार जारी बीमालेखमा भएको जोखिमहरु मध्ये कुनै पनि जोखिम छुट्याएर, छाँटेर, हटाएर वा घटाएर जारी गर्न पाउने छैन।

३०. **बीमादरको बर्गीकरण:** (१) यस निर्देशनको अनुसूची-१६ मा उल्लेख भएको बीमादर सबै हुलदंगा तथा आतंकबाद जोखिम समूह लगायत सबै जोखिमहरूको लागि लाग्ने एकमुष्ट बीमादर हुनेछ।

(२) बीमकको प्रयोजनको लागि हुलदंगा तथा आतंकबाद जोखिम समूहको बीमादर अनुसूची-१६ मा उल्लेख भएको घर बीमालेख अन्तर्गत जारी भएको बीमालेखको हकमा रू. १ करोड सम्मको आवासीय भवन वा घर, मट मन्दिर, ध्यांन, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सम्पत्ति तथा सामानको लागि जोखिम समूहको बीमादर रू. ०.१० प्रति हजार हुनेछ र अन्यको हकमा रू ०.५० प्रति हजार हुनेछ।

(३) बीमकको प्रयोजनको लागि मात्र हुलदंगा तथा आतंकबाद जोखिम समूहको बीमादरलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः

(क) हुलदंगा, हडताल र रिसइवीपूर्ण कार्यको लागि रू. १ करोड सम्मको आवासीय भवन वा घर, मठ मन्दिर, ध्यान, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सम्पत्ति तथा सामानको हकमा रू. ०.०८ प्रति हजार र अन्यको हकमा रू. ०.४० प्रति हजार।

(ख) आतंककारी तथा विध्वंशात्मक क्रियाकलाप र प्रतिघात (स्यावोटेज) को लागि रू. १ करोड सम्मको आवासीय भवन वा घर, मठ मन्दिर, ध्यान, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सम्पत्ति तथा सामानको हकमा लागि रू. ०.०२० र अन्य सम्पत्तिको हकमा रू. ०.१० प्रति हजार।

३१. **बीमाङ्क परिवर्तन:** (१) देहायको अवस्थामा बीमालेखमा उल्लेख भएको बीमाङ्क बृद्धि गर्न सकिनेछः

(क) निर्माणाधीन भवनको निर्माण कार्य बढ्दै गई सम्पत्तिको बृद्धि भएमा,

(ख) घोषणा बीमालेख अन्तर्गत मौज्दातको बृद्धि भएमा,

(ग) बीमा गरिएको सम्पत्तिमा अन्य सम्पत्ति थप गरिएमा।

(२)बीमालेखमा देहायको अवस्थामा बीमालेखमा उल्लेख भएको बीमाङ्क बीमकले घटाउनेछः-

(क) बीमा गरिने सम्पत्ति मध्ये केही सम्पत्ति अन्यत्र विस्थापन भएमा वा बिक्री गरिएमा,

(ख) बीमा गरिने सम्पत्ति मध्ये केही सम्पत्ति नष्ट भएमा वा दाबी परेमा।

(ग) बीमा गरिएको सम्पत्ति घट्न गएमा।

(३) उपदफा (१) बमोजिमको अवस्था उत्पन्न भएमा बीमितले नियमानुसार लाग्ने थप बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ र उपदफा (२) को खण्ड (क) र (ग) को अवस्था आइपरेमा बीमकले बीमितलाई बढी हुन आउने बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र यसरी फिर्ता गर्दा अनुसूची–१२ बमोजिमको सम्पुष्टी जारी गर्नुपर्नेछ।

(४)यस दफा अन्तर्गत बीमकले बीमितलाई बीमाशुल्क फिर्ता गर्नु परेमा बीमाङ्क घटाइएको पन्ध्र (१५) दिन भित्र फिर्ता गरिसक्नु पर्नेछ।

३२. **बीमाङ्कको पुनर्स्थापना:** (१) बीमा अवधिमा प्रत्येक पटक दाबी परेपश्चात बाँकी अवधिको लागि बीमाङ्क रकम दाबी बरावरको रकमले स्वतः कम हुनेछ।

(२) बीमितले बाँकी अवधिको लागि पूरा बीमाङ्क कायम राख्न चाहेमा समानुपातिक रूपमा हुन आउने बीमाशुल्क भुक्तानी गर्नुपर्नेछ र बीमकले अनुसूची–१३ बमोजिमको संशोधन तालिकामा उल्लेख गरी साविक बीमाङ्क रकम पुनर्स्थापना गरिदिनु पर्नेछ।

३३. **छोटो अवधिको बीमाशुल्क:** (१) एक बर्ष भन्दा कम अवधिको लागि जारी गरिने बीमालेखमा देहायको बमोजिमको छोटो अवधिको बीमादर लाग्नेछः

| क्र.सं. | अवधि | बीमाशुल्क |
|---|---|---|
| १ | एक महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको १५ प्रतिशत |
| २ | तीन महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ४० प्रतिशत |
| ३ | छ महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ७० प्रतिशत |
| ४ | नौ महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ८५ प्रतिशत |
| ५ | नौ भन्दा बढी अवधिको लागि | बार्षिक बीमाशुल्क |

३४. **सम्पत्तिको स्थानान्तरण:** (१) बीमकलाई जानकारी नदिई बीमा गरिएको सम्पत्तिको स्थानान्तरण गर्न पाइने छैन।

(२) बीमा गरिएको सम्पत्ति स्थानान्तरण गरिएमा उक्त स्थानान्तरण गरिए बरावरको सम्पत्तिको बीमा स्वतः अन्त हुनेछ। तर, एउटै बीमालेख अन्तर्गत रक्षावरण गरिएको स्थानहरू मध्ये एक स्थानबाट अर्को स्थानमा बीमा गरिएको सम्पत्ति स्थानान्तरण गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण गरिएको सम्पत्तिको बाँकी अवधिको समानुपातिक बीमाशुल्क बीमकले बीमितलाई फिर्ता गर्नुपर्नेछ।

३५. **भवनः** (१) घर, आवासीय भवन, मठ मन्दिर, ध्यान, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सामानको लागि लाग्ने बीमादर अनुसूची–१६ बमोजिम हुनेछ।

(२) रू. १ करोड सम्मको घर, आवासीय भवन, मठ मन्दिर, ध्यान, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सामानको लागि जारी गरिएको घर बीमाको हकमा पचास पैसा (०.५० पैसा) प्रति हजार बीमादर कायम हुनेछ।

(३) रू. १ करोड भन्दा बढीको आवासीय भवन, मठ मन्दिर, ध्यान, पूजा तथा प्रार्थनास्थल तथा त्यसभित्र रहेको सामानको लागि जारी गरिएको सम्पत्ति बीमाको हकमा एकमुष्ठ १.५० रूपैंया प्रति हजार कायम हुनेछ।

३६. **औद्योगिक जोखिमः** (१) एउटै उद्योग परिसर भित्र रहेका सम्पूर्ण सम्पत्तिको एउटै बीमादर कायम गरी बीमा गरिनेछ।

(२) एउटै उद्योग परिसरमा एकै बीमितले एक भन्दा बढी बस्तुहरू उत्पादन गर्ने गरेको रहेछ भने त्यस्ता बस्तुहरू मध्ये सबैभन्दा उच्च बीमादर भएको बस्तुको बीमादर कायम गरी बीमालेख जारी गर्नु पर्नेछ।

(३) एउटै औद्योगिक परिसरमा एक भन्दा बढी स्वतन्त्र उद्योगहरू रहेको रहेछ भने त्यस्ता अलग उद्योगहरूको आ–आफ्नो बीमादर लागू हुनेछ।

तर, जोडिएर बनेका एउटै वा एक भन्दा बढी भवनमा एकै बीमित वा अलग अलग बीमितको उद्योगहरू रहेछ भने ति उद्योगहरू मध्येको उच्चतम बीमादर सबै उद्योगको लागि लागू हुनेछ।

(४) एउटै औद्योगिक परिसरमा रहेका सहायक वा विविध उपयोगिताका सामान तथा वस्तुहरू, ब्लक, गोदाम, ट्याङ्कफार्म, पाइपलाइन, रोड, कम्पाउन्ड वाल आदि भएको अवस्थामा ति मध्ये सबैभन्दा उच्च बीमादर सबै बीमा गरिने सम्पत्तिको लागि लागू हुनेछ।

(५) उद्योग परिसर भित्र रहेका कार्यालय, आवासीय तथा अन्य भवनको लागि उद्योगको बीमादर लागू हुनेछ।

(६) बीमा गरिने सम्पत्तिलाई प्रयोगको आधारमा देहाय बमोजिम बर्गीकरण गर्नुपर्नेछः

(क) भवन (आवासीय वा अन्य)
(ख) ब्यापार, ब्यवसाय, पसल
(ग) उद्योग
(घ) उद्योग परिसर बाहिर रहेका सम्पत्ति
(ङ) उद्योग परिसर भन्दा बाहिर गरिएको भण्डारण, वा
(च) अन्य

(७) बीमा गरिने सम्पत्तिको लागि लाग्ने बीमादर अनुसूची–१६ बमोजिम हुनेछ।

(८) निर्देशनको अनुसूची-१६ मा उल्लेख गरिएको जोखिम संकेत अनुरूपका बीमायोग्य सम्पत्तिलाई नेपाली बर्णानुक्रमानुसार उल्लेख गरिएको छ।

३७. **औद्योगिक परिसर भन्दा बाहिर गरिएको भण्डारणः** (१) उद्योग परिसर भन्दा बाहिर भण्डारण गरिएको बस्तु तथा सो बस्तु रहेको भवन परिसर सहितको सम्पूर्ण बीमा गरिने सम्पत्तिको लागि सोही उद्योग सरह बीमादर लागू हुनेछ।

(२) उपदफा (१) को अधीनमा रही परिसरमा दुई वा दुई भन्दा बढी सामानको मौज्दात भण्डारण गरिएको रहेछ भने ति मध्ये उच्च जोखिमयुक्त सामानको बीमादर सबै बीमा गरिने सम्पत्तिमा लागू हुनेछ।

(३) उपदफा (२) बमोजिम भण्डार गरिएको मुख्य मौज्दातको पाँच प्रतिशत भन्दा बढी मूल्यको उच्च जोखिमयुक्त अन्य सामान समेत भण्डारण गरिएको रहेछ भने सोही उच्च जोखिमयुक्त सामानको बीमादर सबै बीमा गरिने सम्पत्तिमा लागू हुनेछ।

(४) भण्डारण परिसरमा भएका खुल्ला मौज्दातको लागि उपदफा (१) बमोजिमको बीमादर लागू हुनेछ।

३८. **गोदाम सम्बन्धी व्यवस्थाः** (१) प्रयोग भइरहेको, प्रयोग विहिन वा खाली जुनसुकै गोदामको हकमा जुन जोखिम संकेत दर भएको बस्तुको गोदाम हो सोही जोखिम संकेत अनुसारको बीमादर कायम हुनेछ।

(२) उपदफा (१) को अधीनमा रही गोदाममा दुई वा दुई भन्दा बढी सामान समेत रहेछ भने ति मध्ये उच्च जोखिमयुक्त सामानको बीमादर सबै बीमा गरिने सम्पत्तिमा लागू हुनेछ।

३९. **पसल सम्बन्धी व्यवस्थाः** (१) पसलको हकमा जुन जोखिम संकेत दर भएको बस्तुको पसल हो सोही जोखिम संकेत अनुसारको बीमादर कायम हुनेछ।

(२) उपदफा (१) को अधीनमा रही पसलमा दुई वा दुई भन्दा बढी सामान समेत रहेछ भने ति मध्ये उच्च जोखिमयुक्त सामानको बीमादर सबै बीमा गरिने सम्पत्तिमा लागू हुनेछ।

(३) उपदफा (२) बमोजिम पसलमा मुख्य मौज्दातको पाँच प्रतिशत भन्दा बढी मूल्यको उच्च जोखिमयुक्त अन्य सामान समेत रहेछ भने सोही उच्च जोखिमयुक्त सामानको बीमादर सबै बीमा गरिने सम्पत्तिमा लागू हुनेछ।

४०. **घर बीमा गर्न नपाईने:** (१) आवासीय भवनमा कुनै पसल व्यवसाय रहेछ भने उक्त भवनको घर बीमा गर्न पाइने छैन।

तर, देहायको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(क) ईंटा वा ढुंगालाई माटोले जोडेर बनाइएको आवासीय घर (आरसिसि वा आरविसि संरचना बाहेक)

(ख) काठले बनाइएको आवासीय घर,

(ग) फुस, खर वा परालले बनाएको घर।

४१. **बहुउपयोगी भवन सम्बन्धी व्यवस्था:** पसल, रेष्टुरेन्ट, सिनेमाघर आदि भएको बहुउपयोगी ब्यवसायिक भवनको हकमा व्यापारिक भवन सरहको बीमादर कायम हुनेछ।

४२. **खतराजन्य सामान सम्बन्धी व्यवस्था:** यस निर्देशनको अनुसूची-१६ मा रहेको दर संकेत ७ रहेको उच्च जोखिमयुक्त प्रकृतिको सम्पत्तिलाई खतराजन्य सम्पत्ति मानिनेछ।

४३. **जोखिमको श्रेणी:** (१) प्रत्येक बीमा गरिने सम्पत्तिलाई बीमकले उक्त सम्पत्तिको जोखिमको सम्वेदनशीलताको आधारमा प्रथम वा दोस्रो श्रेणी मध्ये कुनै एक श्रेणीमा बर्गीकरण गर्न सक्नेछ।

(२) बीमा गरिने सम्पत्तिको बीमाशुल्क गणना गर्दा बीमकलाई प्रथम श्रेणीको जोखिम हो भन्ने यकिन भएमा यस निर्देशनको अनुसूची-१६ मा उल्लेख भएको बीमादर अनुसार तथा दोस्रो श्रेणीको जोखिम हो भन्ने यकिन भएमा उक्त अनुसूचीमा उल्लेख भएको बीमादर भन्दा बढी हुने गरी बीमक स्वयंमले बीमादर निर्धारण गरी बीमाशुल्क गणना गर्नु पर्नेछ।

४४. **न्यूनतम बीमादर:** (१) बीमाशुल्क गणना गर्दा जुनसुकै अवस्थामा १०० रूपैंया भन्दा कम बीमाशुल्क लिन पाइने छैन।

(२) यस निर्देशनमा उल्लेख गरिएको बीमादर न्यूनतम बीमादर हो र बीमकले सो भन्दा बढी दरमा बीमाशुल्क गणना गरी बीमालेख जारी गर्न सक्नेछ।

४५. **अनुसाङ्गिक क्षतिको बीमादर:** (१) बीमकले अनुसाङ्गिक क्षतिको बीमालेख जारी गरेको रहेछ भने उक्त सम्पत्तिको लागि बीमादर देहाय बमोजिम हुनेछः

(क) बीमितले मूल बीमालेख अन्तर्गत क्षति भए पश्चातको तीन महिना सम्मको अनुसाङ्गिक क्षति लिने अवधि कायम रहेछ भने मूल बीमालेखको कूल बीमाशुल्कको एक सय पच्चीस प्रतिशत बीमाशुल्क लाग्नेछ।

(ख) बीमितले मूल बीमालेख अन्तर्गत क्षति भए पश्चातको छ महिना सम्मको अनुसाङ्गिक क्षति लिने अवधि कायम रहेछ भने मूल बीमालेखको कूल बीमाशुल्कको दुई सय प्रतिशत बीमाशुल्क लाग्नेछ।

(ग) बीमितले मूल बीमालेख अन्तर्गत क्षति भए पश्चातको नौ महिना सम्मको अनुसाङ्गिक क्षति लिने अवधि कायम रहेछ भने मूल बीमालेखको कूल बीमाशुल्कको दुई सय पचास प्रतिशत बीमाशुल्क लाग्नेछ।

(घ) बीमितले मूल बीमालेख अन्तर्गत क्षति भए पश्चातको एक बर्ष सम्मको अनुसाङ्गिक क्षति लिने अवधि कायम रहेछ भने मूल बीमालेखको कूल बीमाशुल्कको तीन सय प्रतिशत बीमाशुल्क लाग्नेछ।

(२) अनुसाङ्गिक क्षतिको बीमालेखको बीमाङ्क रकम अंघिल्लो आर्थिक वर्षको कुल आय (Turnover) रकम बराबर हुने गरी कायम गरिनेछ।

तर, सञ्चालनको पहिलो वर्षमा अनुमानित कुल आय (Turnover) को आधारमा बीमाङ्क कायम गरिनेछ।

(३) अनुसाङ्गिक क्षतिको बीमालेखको बीमाशुल्क गणना गर्ने तरीकाको उदाहरण अनुसूची -१५ मा देखाइएको छ।

४६. **निर्धारण नगरिएको जोखिमको बीमादर:** (१) यस निर्देशनमा उल्लेख नभएको जोखिमको रक्षावरण गर्नुपरेमा प्राधिकरणबाट त्यस्तो जोखिमको दर निर्धारण नभए सम्मका लागि प्रति हजार सात (७) रूपैंया बीमादर लागू हुनेछ।

(२) उपदफा (१) को अवस्था उत्पन्न भएमा सो कुरा प्राधिकरण समक्ष लिखित जानकारी गराएर मात्र बीमालेख जारी पर्नु पर्नेछ।

(३) यस निर्देशनमा उल्लेख भएको बीमादरमा कुनै पनि प्रकारको छुट (डिस्काउण्ट), कटौति, रिहायत वा सहुलियत दिन पाइने छैन।

## परिच्छेद–४
## विविध

४७. **बीमालेख जारी गर्न नपाइने:** यो निर्देशन जारी भएपश्चात "अग्नी बीमालेख", "ज्वेलरी ब्लक बीमालेख" , "गार्हस्थ बीमालेख" तथा त्यस्ता बीमाको नाममा कुनै पनि बीमालेख जारी गर्न पाइने छैन।

४८. **बीमालेखको नामसारी:** (१) बीमितले बीमालेखको नामसारी गर्न अनुरोध गरेको खण्डमा बीमकले बीमालेखको निःशुल्क नामसारी गरी दिनु पर्नेछ।

(२) बीमालेखको नामसारी सम्बन्धी अन्य व्यवस्था बीमालेखमा उल्लेख भए अनुसार हुनेछ।

४९. **संसोधन तालिका जारी गर्नु पर्ने:** (१) बीमकले बीमालेखमा उल्लेखित बीमाङ्क तथा बीमाशुल्क बाहेक **अनुसूची–१४** मा उल्लेखित बिषयमा बीमा अवधि बहाल रहेको अवधि भित्र कुनै विवरणमा परिवर्तन, संशोधन वा थप गर्नु पर्ने भएमा सम्पुष्टी जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन, परिवर्तन वा थप गरिएको विवरण बीमकले बीमालेखमा संलग्न गरी राख्नु पर्नेछ।

५०. **प्राधिकरणले निर्धारण गरे अनुसार हुने:** बीमादर सम्बन्धी अन्य व्यवस्था बीमादर सल्लाहकार समितिको सिफारिसमा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

५१. **विदेशीको स्वामित्वमा रहेको सम्पत्तिको बीमा गर्न सकिने:** (१) नेपालस्थित बिदेशी नागरिकको सम्पत्ति, विदेशी कुटनैतिक नियोग वा विदेशीद्वारा निर्मित संरचना, विदेशी भूमीमा रहेको नेपालीको स्वामित्व रहेको सम्पत्तिमा बीमायोग्य हित कायम भएको खण्डमा यसै निर्देशन अनुसार बीमा गर्न सकिने छ।

(२) नेपालको कुटनीतिक नियोग वा दुतावास वा विदेशी भूमिमा रहेको नेपाल सरकारको स्वामित्वको सम्पत्तिको बीमा यसै निर्देशन अनुसार गर्न सकिने छ।

५२. **खारेजी र बचाऊ:** (१) सम्पत्ति बीमा निर्देशिका, २०७५ खारेज गरिएको छ।

(२) सम्पत्ति बीमा निर्देशिका, २०७५ बमोजिम भए गरेका सम्पुर्ण कार्यहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

NEPAL INSURANCE AUTHORITY

अनुसूची–१

**घर बीमालेख प्रस्ताव फाराम**

(दफा ३ सङ्ग सम्बन्धित)

**१. प्रस्ताव फाराम भर्ने नियमः**

(क) यस फाराममा उल्लेख भएका सबै प्रश्नहरू राम्ररी पढी, बुझी प्रस्तावक आफैंले प्रष्ट सङ्ग बुझिने गरी उत्तर दिनु पर्नेछ।

(ख) प्रश्नको उत्तर दिंदा रेखा, विन्दु वा कुनै पनि प्रकारको चिन्ह वा संकेत प्रयोग गर्न पाइने छैन।

(ग) कुनै पनि प्रश्नको उत्तरमा खाली ठाँउ छोड्न पाइने छैन र उत्तर दिनु नपर्ने भए वा उत्तर असान्दर्भिक हुने भए "असान्दर्भिक प्रश्न" वा "अ.प्र." वा अंग्रेजीमा एन/ए भनी लेख्नु पर्नेछ।

(घ) आफूलाई थाहा भएको कुरा पूर्ण निष्ठा र विश्वासका साथ उल्लेख गर्नु पर्नेछ।

(ङ) प्रश्नको उत्तर दिन वा विवरण उल्लेख गर्नको लागि यदि फारामको पाना नपुगेमा पाना थप गर्न सकिनेछ र त्यसरी थप गरिएको प्रत्येक पानामा सहिछाप गर्नु पर्नेछ।

(च) बीमितले आफूले हस्ताक्षर गर्नु पर्ने ठाँउमा डिजिटल हस्ताक्षर गर्न सक्नेछ।

*द्रष्टव्यः प्रस्तावकले डिजिटल माध्यमबाट हस्ताक्षर गर्नका लागि कानून अनुसार डिजिटल हस्ताक्षर गर्ने अधिकार प्राप्त गरेको हुनु पर्नेछ।*

**२. प्रस्ताव फाराम भर्ने शर्तः**

(क) बीमा प्रस्ताव फाराम भर्ने व्यक्तिलाई प्रस्तावक मानिनेछ र बीमकले स्वीकार गरेको खण्डमा उक्त व्यक्ति बीमित हुनेछ।

(ख) प्रस्तावकले कसैको करकाप, दवाव वा धम्की वा अनुचित प्रभावमा परी प्रस्ताव फाराम भर्न पाउने छैन र त्यसरी भरेको प्रमाणित भएमा प्रस्ताव बीमकले स्वीकार गर्ने छैन।

(ग) प्रस्ताव फाराममा उल्लेख गरिएका विवरण तथा जानकारी बीमकले पूर्णरूपमा सुरक्षित र गोप्य राख्नु पर्नेछ।

(घ) प्रस्तावमा प्रयोग हुने शब्दावलीहरू मध्ये परिभाषा खण्डमा उल्लेख भएका शब्दहरूको अर्थ सोही बमोजिम र अन्यको हकमा आम प्रचलन बमोजिम हुनेछ।

**३. बस्तुगत तथ्य तथा मूलभूत विवरणः**

**(क) प्रस्तावक (व्यक्ति) को विवरणः**

नाम थरः ..........................................................................................................................

प्रदेशः ............................... जिल्लाः.................... गाँउ पालिका/नगर पालिकाः..........................

वडा नं. :.............................. टोलः............................... घर नं. (भएमा) : ............................................

फोन नं. (भएमा) : .............................. इमेलः (भएमा) : .................................

संस्था दर्ता नं. (संस्था भए) : ................................................ स्थायी लेखा नं. (भएमा) : ...............................

पेशा/व्यवसाय /कारोबारको विवरण (भएमा) : ..................................मोवाइल नं.: ...................................

**(ख) बीमा गर्नु पर्ने सम्पत्ति धितोमा रहने भए धितो लिने संस्थाको विवरणः**

सँस्थाको नामः ............................................................ सँस्थाको ठेगानाः ....................................

शाखा (यदि भए): ...................................... सँस्थाको

टेलिफोनः ...............................................इमेलः..............................

**(ग) बीमाको अवधिः**

मितिः ...............समयः ........ देखि............................ सम्म (कूल................. महिना................. दिन)

**(घ) बीमा गर्नु पर्ने सम्पत्ति रहेको स्थानको विवरणः**

प्रदेशः ............................... जिल्लाः.................... गाँउ पालिका/नगर पालिकाः..........................

वडा नं................................ टोलः............................... घर नं.: ............................................

कित्ता नं. .........

चार किल्लाः

| दिशा | सम्पत्तिको विवरण | भोगचलनको तरिका |
|---|---|---|
| पूर्व | | |
| पश्चिम | | |
| उत्तर | | |
| दक्षिण | | |

(ङ) **बीमा गर्नु पर्ने सम्पत्ति रहेको घर वा जग्गाधनीको विवरणः**

नाम थरः ....................................................................................................................................

फोन नं.: ................................ इमेलः ..................................

संस्था दर्ता नं. (संस्था भए) ........................ पेशा/व्यवसाय /कारोबारको विवरणः...................................

(च) **बीमा गर्नु पर्ने सम्पत्तिको राखिएको भवनको विवरणः**

भवनमा रहेको भए भवनको बनौट (गारो, छानो, भुँई तथा निर्माण सामग्रीको विवरण): ................

अण्डरग्राउण्ड तथा भुँई तल्ला समेत गरी हुन आउने कूल तल्ला संख्याः.....................

भवन भित्र पार्टिसन कसरी गरिएको छ सोको विवरणः..............................................................

भवनको उचाई (मिटर वा फिटमा): ..........................................................

भवन निर्माण सम्पन्न भएको बर्षः .......................................................

४. **बीमा गर्नु पर्ने सम्पत्तिको विवरणः**

| क्र.सं. | जोखिमको बर्ग | बीमाङ्क |
|---|---|---|
| (क) | भवन | |
| (ख) | यन्त्र तथा उपकरण (प्रत्येक एक लाख रूपैया भन्दा बढी रकमको यन्त्र तथा उपरकरणको खरिद तथा जडान मिति सहितको विवरण खुलाउने) | |
| (ग) | फर्निचर, फिक्चर्स तथा फिटिंग्स | |
| (घ) | नगद, सुनचाँदी गरहगहना तथा हिरा जवाहरत | |
| (ङ) | नक्सा, ढलाईको साँचो, पाण्डुलिपि, चित्रकला, कलात्मक बस्तु तथा दुर्भल सामग्री | |
| (च) | अन्य सरसामान (प्रत्येक रू. ५ लाख रूपैया भन्दा बढी पर्ने प्रत्येक सरसामानको विवरण खुलाउने) | |
| | जम्मा बीमाङ्क | |

५. **बीमालेखको अवधिः (देहायका मध्ये कुन हो उल्लेख गर्ने):**

(क) पूरा अवधिको बीमा

(ख) छोटो अवधिको बीमा

६. **अन्य बस्तुगत तथ्य सम्बन्धी प्रश्नावलीः**

(क) बीमा गर्नु पर्ने सम्पत्ति वा त्यसको केही अंशको बीमा अन्य बीमा कम्पनीमा समेत गराएको छ? छ भने कुन कुन बीमा कम्पनीमा कति कति मूल्यको बीमा गराएको हो, सो विवरण खुलाउनुहोस्।

| क्र.सं. | जोखिमको विवरण | बीमाङ्क | बीमा कम्पनी | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) तपाईले प्रस्ताव फाराममा उल्लेख गर्नु भएको सम्पत्तिको बीमा कुनै अन्य बीमा कम्पनीले अस्वीकार गरेको थियो? थियो भने बीमकको नाम उल्लेख गर्नुहोस्।

(ग) बीमा गर्नु पर्ने सम्पत्ति कुनै कारणले क्षति भई कुनै बीमा कम्पनीबाट क्षतिपूर्ति लिनुभएको थियो? थियो भने बिगत तीन बर्षको विवरण दिनुहोस।

| क्र.सं. | बीमक | जोखिमको बिवरण | बीमाङ्क | मिति | दाबी लिएको रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(घ) बीमा गर्नु पर्ने सम्पत्ति रहेको कुनै भागमा खतराजन्य (हजार्डस ) मालसामान (सम्पत्ती बीमा निर्देशनको अनुसूची-११ को दर संकेत ७ मा पर्ने सरसामान) राख्ने गरिएको छ? छ भने विवरण दिनुहोस्।

| क्र.सं. | खतराजन्य सामग्री राखिएको ठाँउ | संख्या | औषत मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ङ) यस प्रस्ताव फाराममा माथि उल्लेख गरिएका बाहेक छुट हुन गएका केहि विवरणहरू छन् भने उल्लेख गर्नुहोस्।

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ...

७. **उद्घोषण:**

म/ हामी......................यस प्रस्तावद्वारा घोषणा गर्दछौं की यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू मैले/ हामीले राम्ररी पढेर बुझेर दिएका हो/हौं। यसमा उल्लेख गरिएका सवै विवरणहरू सहि, साँचो र दुरूस्त छन। कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको छैन। कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको प्रमाणित भएमा बीमालेख रद्द हुनेछ भन्ने कुरामा म/ हामी स्वीकार गर्दछु/ गर्दछौं। यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरूको साथै यो घोषणा द्विपक्षीय बीमा करार (बीमालेख) को आधार हुनेछ।

***(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको प्रस्ताव फारामको अतिरिक्त बीमितसङ्ग अन्य विवरण, प्रश्नावली, सूचना तथा जानकारी भराई लिन सक्नेछ र त्यसरी लिएको विवरण, प्रश्नावली, सूचना तथा जानकारी यसै प्रस्ताव फारामसङ्ग संलग्न गरी राख्नु पर्नेछ र त्यसरी संलग्न गरिएका सवै कागजातमा प्रस्तावको हस्ताक्षर हुनु पर्नेछ।)***

अनुसूची–२

## सम्पत्ति बीमालेख प्रस्ताव फाराम

(दफा ३ सङ्ग सम्बन्धित)

### १. प्रस्ताव फाराम भर्ने नियम:

(क) यस फाराममा उल्लेख भएका सबै प्रश्नहरू राम्ररी पढी, बुझी प्रस्तावक आफैंले प्रष्ट सङ्ग बुझिने गरी उत्तर दिनु पर्नेछ।

(ख) प्रश्नको उत्तर दिंदा रेखा, विन्दु वा कुनै पनि प्रकारको चिन्ह वा संकेत प्रयोग गर्न पाइने छैन।

(ग) कुनै पनि प्रश्नको उत्तरमा खाली ठाँउ छोड्न पाइने छैन र उत्तर दिनु नपर्ने भए वा उत्तर असान्दर्भिक हुने भए "असान्दर्भिक प्रश्न" वा "अ.प्र." वा अंग्रेजीमा एन/ए भनी लेख्नु पर्नेछ।

(घ) आफूलाई थाहा भएको कुरा पूर्ण निष्ठा र विश्वासका साथ उल्लेख गर्नु पर्नेछ।

(ङ) प्रश्नको उत्तर दिन वा विवरण उल्लेख गर्नको लागि यदि फारामको पाना नपुगेमा पाना थप गर्न सकिनेछ र त्यसरी थप गरिएको प्रत्येक पानामा सहिछाप गर्नु पर्नेछ।

(च) बीमितले आफूले हस्ताक्षर गर्नु पर्ने ठाँउमा डिजिटल हस्ताक्षर गर्न सक्नेछ।

*द्रष्टव्यः प्रस्तावकले डिजिटल माध्यमबाट हस्ताक्षर गर्नका लागि कानून अनुसार डिजिटल हस्ताक्षर गर्ने अधिकार प्राप्त गरेको हुनु पर्नेछ।*

### २. प्रस्ताव फाराम भर्ने शर्त:

(क) बीमा प्रस्ताव फाराम भर्ने व्यक्तिलाई प्रस्तावक मानिनेछ र बीमकले स्वीकार गरेको खण्डमा उक्त व्यक्ति बीमित हुनेछ।

(ख) प्रस्तावकले कसैको करकाप, दवाव वा धम्की वा अनुचित प्रभावमा परी प्रस्ताव फाराम भर्न पाउने छैन र त्यसरी भरेको प्रमाणित भएमा प्रस्ताव बीमकले स्वीकार गर्ने छैन।

(ग) प्रस्ताव फाराममा उल्लेख गरिएका विवरण तथा जानकारी बीमकले पूर्णरूपमा सुरक्षित र गोप्य राख्नु पर्नेछ।

(घ) प्रस्तावमा प्रयोग हुने शब्दावलीहरू मध्ये परिभाषा खण्डमा उल्लेख भएका शब्दहरूको अर्थ सोही बमोजिम र अन्यको हकमा आम प्रचलन बमोजिम हुनेछ।

### ३. बस्तुगत तथ्य तथा मूलभूत विवरण:

#### (क) प्रस्तावक (व्यक्ति) को विवरण:

नाम थरः ............................................................................................................................

प्रदेशः ............................... जिल्लाः.................. गाँउ पालिका/नगर पालिकाः..........................

वडा नं. :.............................. टोलः...................................... घर नं. (भएमा) : ..........................................

फोन नं. (भएमा) : ............................. इमेलः (भएमा) : ..............................

संस्था दर्ता नं. (संस्था भए) : ............................................... स्थायी लेखा नं. (भएमा) : ..............................

पेशा/व्यवसाय /कारोबारको विवरण (भएमा) : ..................................मोवाइल नं.: ..................................

#### (ख) बीमा गर्नु पर्ने सम्पत्तिमा स्वामित्व रहेको व्यक्ति/संस्थाको विवरण:

नाम थरः ............................................................................................................................

प्रदेशः ............................... जिल्लाः.................. गाँउ पालिका/नगर पालिकाः..........................

वडा नं. :.............................. टोलः......................................घर नं. (भएमा) : ..........................................

फोन नं. (भएमा) : ............................. इमेलः (भएमा) : ..............................

संस्था दर्ता नं. (संस्था भए) : ............................................... स्थायी लेखा नं. (भएमा) : ..............................

पेशा/व्यवसाय /कारोबारको विवरण (भएमा) : ..................................मोवाइल नं.: ..................................

#### (ग) बीमा गर्नु पर्ने सम्पत्ति धितोमा रहने भए धितो लिने संस्थाको विवरण:

संस्थाको नामः ........................................................ संस्थाको ठेगानाः ..............................

शाखा (यदि भए): ............................... संस्थाको

टेलिफोनः ..................................................इमेलः ..............................

NEPAL INSURANCE AUTHORITY

#### (घ) बीमाको अवधि:

मितिः ...............समयः ........ देखि.......................... सम्म (कूल.................. महिना................. दिन)

(ङ) **बीमा गर्नु पर्ने सम्पत्ति रहेको स्थानको विवरणः**

प्रदेशः .............................. जिल्लाः.................... गाँउ पालिका/नगर पालिकाः.........................

वडा नं.............................. टोलः.............................. घर नं.: ..........................................

कित्ता नं. .........

चार किल्लाः

| दिशा | सम्पत्तिको विवरण | भोगचलनको तरिका |
|---|---|---|
| पूर्व | | |
| पश्चिम | | |
| उत्तर | | |
| दक्षिण | | |

(च) **बीमा गर्नु पर्ने सम्पत्ति रहेको घर वा जग्गाधनीको विवरणः**

नाम थरः ...........................................................................................................

फोन नं.: .............................. इमेलः .............................. फ्याक्सः ..........................................

संस्था दर्ता नं. (संस्था भए) ........................ पेशा/व्यवसाय /कारोबारको विवरणः..............................

(छ) **बीमा गर्नु पर्ने सम्पत्तिको राखिएको भवनको विवरणः**

भवनमा रहेको भए भवनको बनौट (गारो, छानो, भुँई तथा निर्माण सामग्रीको विवरण): ................

अण्डरग्राउण्ड तथा भुँई तल्ला समेत गरी हुन आउने कूल तल्ला संख्याः.....................

भवन भित्र पार्टिसन कसरी गरिएको छ सोको विवरणः.....................................................

भवनको उपयोग वा भोगचलनको तरिका (प्रत्येक तल्लाको अलग अलग उल्लेख गर्ने): ..............................

भवनको उचाई (मिटर वा फिटमा): ...............................................................

भवन निर्माण सम्पन्न भएको बर्षः ..............................................................

(ज) **बीमा गर्नु पर्ने सम्पत्तिको भोगचलनको तरिका (देहायका मध्ये कुन हो उल्लेख गर्ने):**

(क) भवन, ब्यापार, ब्यवसाय, पसल

(ख) उद्योग

(ग) उद्योग परिसर बाहिर रहेका सम्पत्ति, वा

(घ) उद्योग परिसर भन्दा बाहिर गरिएको भण्डारण

(ङ) अन्य

**४. बीमा गर्नु पर्ने सम्पत्तिको विवरणः**

| क्र.सं. | जोखिमको बर्ग | बीमाङ्क |
|---|---|---|
| (क) | भवन | |
| (ख) | यन्त्र तथा उपकरण (प्रत्येक एक लाख रूपैंया भन्दा बढी रकमको यन्त्र तथा उपरकरणको खरिद तथा जडान मिति सहितको विवरण खुलाउने) | |
| (ग) | कच्चा पदार्थको मौज्दात | |
| (घ) | प्रक्रियाको क्रममा रहेको मौज्दात (वर्क इन प्रोग्रेस) | |
| (ङ) | अर्धतयारी बस्तु तथा एसेम्लिङ तथा प्याकेजिङ सरसामान | |
| (च) | तयारी बस्तुको मौज्दात | |
| (छ) | फर्निचर, फिक्चर्स तथा फिटिंग्स | |
| (ज) | नक्सा, ढलाईको साँचो, पाण्डुलिपि, चित्रकला, कलात्मक बस्तु तथा दुर्भल सामग्री | |
| (झ) | अन्य सरसामान (प्रत्येक रू. ५ लाख रूपैंया भन्दा बढी पर्ने प्रत्येक सरसामानको विवरण खुलाउने) | |
| | जम्मा बीमाङ्क | |

**५. बीमालेखको प्रकार: (देहायका मध्ये कुन हो उल्लेख गर्ने):**

(क) सामान्य सम्पत्ति बीमालेख,

(ख) मूल्यांकित सम्पत्ति बीमालेख,

(ग) फ्लोटिङ सम्पत्ति बीमालेख,

(घ) घोषणा सम्पत्ति बीमालेख,

(ङ) फ्लोटिङ घोषणा सम्पत्ति बीमालेख, वा

(च) पुनर्स्थापना सम्पत्ति बीमालेख

**६. बीमालेखको अवधि: (देहायका मध्ये कुन हो उल्लेख गर्ने):**

(क) पूरा अवधिको बीमा

(ख) छोटो अवधिको बीमा

**७. घोषणा वा वा फ्लोटिङ घोषणा बीमा भएको खण्डमा:**

| क्र.स. | मौज्दात रहेको स्थानहरू | मौज्दात विवरण | बीमाङ्क रकम |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| बीमा गर्नु पर्ने सम्पत्तिको कूल मूल्य | | | |

**८. अन्य बस्तुगत तथ्य सम्बन्धी प्रश्नावली:**

(क) बीमा गर्नु पर्ने सम्पत्ति वा त्यसको केही अंशको बीमा अन्य बीमा कम्पनीमा समेत गराएको छ? छ भने कुन कुन बीमा कम्पनीमा कति कति मूल्यको बीमा गराएको हो, सो विवरण खुलाउनुहोस्।

| क्र.सं. | जोखिमको विवरण | बीमाङ्क | बीमा कम्पनी | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) तपाईले प्रस्ताव फाराममा उल्लेख गर्नु भएको सम्पत्तिको बीमा कुनै अन्य बीमा कम्पनीले अस्वीकार गरेको थियो? थियो भने बीमकको नाम उल्लेख गर्नुहोस्।

(ग) बीमा गर्नु पर्ने सम्पत्ति कुनै कारणले क्षति भई कुनै बीमा कम्पनीबाट क्षतिपूर्ति लिनुभएको थियो? थियो भने बिगत तीन बर्षको विवरण दिनुहोस।

| क्र.सं. | बीमक | जोखिमको बिवरण | बीमाङ्क | मिति | दाबी लिएको रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(घ) बीमा गर्नु पर्ने सम्पत्ति रहेको कुनै भागमा खतराजन्य (हजार्डस ) मालसामान (सम्पत्ती बीमा निर्देशनको अनुसूची-११ को दर संकेत ७ मा पर्ने सरसामान) राख्ने गरिएको छ? छ भने विवरण दिनुहोस्।

| क्र.सं. | खतराजन्य सामग्री राखिएको ठाँउ | संख्या | औषत मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ङ) यस प्रस्ताव फाराममा माथि उल्लेख गरिएका बाहेक छुट हुन गएका केहि विवरणहरू छन् भने उल्लेख गर्नुहोस्।

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ...

(च) अनुसाङ्गिक क्षति बीमा लिन चाहनुहुन्छ.................................।

यदि चाहनुहुन्छ भने बीमा अवधि उल्लेख गर्नुहोला।

(क) ३ महिना ☐

(ख) ६ महिना ☐

(ग) ९ महिना ☐

(घ) १ वर्ष ☐

९. **उद्घोषणः**

म/ हामी........................यस प्रस्तावद्वारा घोषणा गर्दछौं की यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू मैले/ हामीले राम्ररी पढेर बुझेर दिएका हो/हौं। यसमा उल्लेख गरिएका सवै विवरणहरू सहि, साँचो र दुरूस्त छन। कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको छैन। कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको प्रमाणित भएमा बीमालेख रद्द हुनेछ भन्ने कुरामा म/ हामी स्वीकार गर्दछु/ गर्दछौं। यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरूको साथै यो घोषणा द्विपक्षीय बीमा करार (बीमालेख) को आधार हुनेछ।

*(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको प्रस्ताव फारामको अतिरिक्त बीमितसङ्ग अन्य विवरण, प्रश्नावली, सूचना तथा जानकारी भराई लिन सक्नेछ र त्यसरी लिएको विवरण, प्रश्नावली, सूचना तथा जानकारी यसै प्रस्ताव फारामसङ्ग संलग्न गरी राख्नु पर्नेछ र त्यसरी संलग्न गरिएका सवै कागजातमा प्रस्तावकको हस्ताक्षर हुनु पर्नेछ।)*

अनुसूची–३

अनुसाङ्गिक क्षति बीमालेख प्रस्ताव फाराम

(दफा ३ सङ्ग सम्बन्धित)

# CONSEQUENTIAL LOSS/LOSS OF PROFIT INSURANCE POLICY

## Proposal Form

This proposal must be signed. All questions must be answered. The completion and signature of this proposal does not bind the proposer or Insurer to complete a contract of Insurance.

If there is insufficient space to answer questions, please use additional sheets and attach it to this form.

The Company does not assume any liabilities until the Proposal has been accepted and premium paid.

1. **Name of the Proposer:** ..................................................................

2. **Address:** ..............................................................

   **Province:** ....................**Municipality/Metroplicity**................. Ward no.: ......... **Tole:** ............

   **Tel (O):** ...................................... Email: ...................................................

3. **Nature of Business:** ..........................................................................................................

4. **Name and Address of Premises from where you transact business:**

   **Name:** ..........................................................................................................

   **Province:** ....................**Municipality/Metroplicity**................. Ward no.: ......... **Tole:** ............

   **Tel (O):** ...................................... Email: ...................................................

5. Name of Business Organization & Addresses of Premises to be Insured.

   **Name:** ..........................................................................................................

   **Province:** ............................................. Ward no./ **Tole.:** ...............................

   **Tel (O):** ...................................... Email: ...................................................

6. **Do you have any other Business interruption/Loss of Profit Insurance in force?**

   **Yes** ........................ No ....................

7. **Which Insurer(s) currently cover these risks?**

   **Property?** ..........................................................................................

   **Property Loss of Profits?** ..........................................................................................

8. **Has any insurer refused to insure your property or imposed additional terms for any peril Previously?**

   **Yes** ........................ No ....................

9. **If your answer to questions 7 is YES, please give details.**

   a. **Detail of Past Five years Claim details**..........................................................................................

| Year | Days of Business Interruption | Amount of Claim Received+Outstanding Claim |
|---|---|---|
| | | |
| | | |

10. Detail of Chartered Accountant (Who audits Your Account): ..........................................................

Name: ....................................................................................................................

Province: ....................Municipality/Metroplicity.................. Ward no.: ......... Tole: .............

Tel (O): ..................................... Email: ..................................

Website: .........................................................

At what interval Audit is done?................................

11. Date of incorporation of company

______________________________________________

12. Date of Comencement of business operation/production

______________________________________________

13. Please give a brief description of the product on process and attach a Process flow diagram. ( metioned in the Annex......)

______________________________________________

14. What type of repair work (in-house repair facilities) can be carried out without external help?

______________________________________________

15. Please indicate external repair/procurement facilities available in Nepal

______________________________________________

16. Normal working hours of the works to be insured.

| | | | | |
|---|---|---|---|---|
| Per day | | hours in | | shifts |
| Per week | | hours in | | shifts |
| Per year | | days in | | shifts |

17. Are there any seasonal production or sales fluctuations of more than 20%, in the works to be insured?

a) Yes ........................  No ....................

b) If YES, please indicate monthly figures of Turnover ..........................................

18. Is there a stock of semi-finished or finished products?

   a. Yes ........................ No ....................

   b. If YES, please indicate monthly figures of Turnover .....................................

19. State the Period of Insurance desired ______________________________

20. Indemnity Period desired 3 months / 6 months/ 9 months / 12 months

21. Sum Insured (Gross Profit) (Rs.)

   a. Net Profit. /Annual Turnover* ......................

   b. Annual Specified Standing Charges (Please attach the break up of standing charges) ..................

***Annual turnover means the previous fiscal year's turnover, which will be subject to adjustment based on actual turnover during the policy period. In case of first year operation, estimated annual turnover shall be taken as sum insured.**

22. Claim settlement Basis (Choose anyone). If on "OUTPUT Basis" answer a & b

   i. Turnover Basis ................

   ii. Output Basis ................

   b. The Nature of the OUTPUT ________________________

I/We hereby declare that the above statement and particulars are true and I/We have not suppressed or misstated any material facts and that at the present time I/We have no reason to anticipate any Claim being brought against me/our for any negligent act, error or omission on my/our part and against the company and agree that this declaration shall be the basis of the contract between me/us and the insurer.

SIGNATURE OF PROPOSER

................................ ..................................................

Name of the insured by: (Name and Position/Title of Proposer) Date: ..........................

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

अनुसूची–४

## घर बीमालेख

(दफा ४ सङ्ग सम्बन्धित)

यस बीमालेखको तालिकामा उल्लेख भएको परिसर सहितको घर तथा घर परिसर भित्र रहेको सामान तथा सम्पत्तिको क्षति विरुद्ध बीमा गर्नको लागि बीमितले पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ... ... ... ... बीमा कम्पनी लिमिटेड (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद–१

### प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भ:** (१) यस बीमालेखको नाम "**घर बीमालेख**" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) "**अधिक**" भन्नाले बीमकले **दाबी मूल्यांकन** रकमबाट अनिवार्य रूपमा घटाउने रकम सम्झनु पर्छ।

(ख) "**अपबाद**" भन्नाले बीमालेखले रक्षावरण नगर्ने जोखिम वा बीमालेखले क्षति प्रदान नगर्ने वा नसमेट्ने अवस्था सम्झनु पर्छ।

(ग) "**आगलागी**" भन्नाले दुर्घटनावस ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगो वा अग्नी सम्झनु पर्छ।

तर, कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगो वा अग्नी मानिने छैन।

(घ) "**आनुसाङ्गिक क्षति**" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष (कन्सिक्वेन्सियल) वा एउटा घटनाको परीणाम स्वरूप हुने अप्रत्यक्ष क्षति सम्झनु पर्छ।

(ङ) "**औसत शर्त**" बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुँदा उक्त सम्पत्तिको बजार मूल्य भन्दा बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रूपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्छ। त्यस्तो रकम देहाय अनुसार गणना गरिनेछः

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ती} = \frac{\text{क्षति भएको सम्पत्तिको बीमाङ्क} \times \text{बास्तविक क्षति}}{\text{क्षति भएको सम्पत्तिको बजार मूल्य}}$$

(च) "**घर**" भन्नाले स्थायी रूपले वसोवास गरिने गैर व्यवसायिक वा गैर व्यापारिक प्रयोजनको लागि निर्मित बीमितको बीमायोग्य हित रहेको आवासीय भवन वा अपार्टमेन्ट तथा त्यसमा रहेको चल अचल सम्पत्ति समेत सम्झनु पर्छ र सो शब्दले आवासीय प्रयोजनको लागि भाडामा दिइएको भवन वा अपार्टमेन्ट समेतलाई जनाउँछ; साथै, अपार्टमेंटको हकमा बीमितको बीमायोग्य हित रहेको अपार्टमेंटको समानुपातिक रूपले हुन आउने साझा क्षेत्र (कमन एरिया) लाई समेत जनाँउछ।

(छ) "**चट्याङ**" भन्नाले चट्याङ परेर वा बिजुली चम्किएर भएको आगलागी, भौतिक क्षति वा उच्च भोल्टेजको विद्युत प्रबाह सम्झनु पर्छ।

(ज) "**जोखिम**" भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ।

(झ) "**तालिका**" भन्नाले बीमा गरिएको सम्पत्ति, बीमाङ्क, बीमाशुल्क लगायत बीमालेख जारी गर्न आवश्यक पर्ने विवरणहरू उल्लेख भएको बीमालेखको अङ्गको रूपमा रहने तालिका सम्झनु पर्छ।

(ञ) "**दाबी**" भन्नाले बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ट) "**धक्काको असर (इम्प्याक्ट)**" भन्नाले जनावर, सवारी साधन, रेल, कुनै चलायमान वा स्थिर बस्तु वा अन्य कुनै पनि यान्त्रिक बस्तुको ठक्कर वा धक्काबाट सम्पत्तिको भित्रि वा बाहिरी भागमा पर्ने असर सम्झनु पर्छ।

(ठ) "**निर्देशिन**" भन्नाले सम्पत्ति बीमा सम्बन्धी निर्देशन, २०८० सम्झनु पर्छ।

(ड) "**बस्तुगत तथ्य**" भन्नाले बीमा गरिएको सम्पत्तिको जोखिम बढाउन वा घटाउन सक्ने महत्वपूर्ण तथ्य सम्झनु पर्छ।

(ढ) "**बीमक**" भन्नाले यो बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(ण) "**बीमा करार**" भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टी, बीमालेखको संशोधन तालिका, बीमाशुल्क भुक्तानी रसिद तथा बीमालेख सङ्ग सम्बन्धित अन्य कागजात सहित बीमक तथा बीमित बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ।

(त) "**बीमा गरिएको सम्पत्ति**" भन्नाले तालिकामा उल्लेख भए अनुसार यस बीमालेखद्वारा रक्षावरण गरिएको वा बीमकको बीमायोग्य हित रहेको बीमा गरिएको घर, घर परिसर भित्र रहेको सामान तथा सम्पत्ति सम्झनु पर्छ।

(थ) "**बीमाङ्क**" भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख गरिए अनुसारको कूल बीमा रकम सम्झनु पर्छ।

(द) **"बीमालेख"** भन्नाले बीमक र बीमित बीचको बीमा करार सम्झनु पर्छ।

(ध) **"बीमाशुल्क"** भन्नाले सम्पत्तिको बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(न) **"बीमित"** भन्नाले बीमा गर्ने ब्यक्ति वा सँस्था वा बीमालेख धारक सम्झनु पर्छ।

(ऩ) **"भूकम्प"** भन्नाले भूँईचालोको कारणले हुने आगलागी वा अन्य क्षतिजन्य घटना सम्झनु पर्छ।

(प) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको सम्पत्तिमा रहेको जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमाशुल्क निर्धारण गर्न र बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा सघाउ पुर्याउन आवश्यक पर्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(फ) **"रक्षावरण"** भन्नाले बीमा गरिएको सम्पत्तिको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(ब) **"विस्फोटन"** भन्नाले कुनै यन्त्र वा उपकरणको आन्तरिक वा बाह्य विस्फोटन वा अन्य कुनै प्रकारले भएको विस्फोटन सम्झनु पर्छ।

(भ) **"समानुपातिक दर"** भन्नाले एक बर्षको लागि लाग्ने बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिका लागि लाग्ने बीमादर सम्झनु पर्छ।

(म) **"क्षति"** भन्नाले कुनै घटना भै हुने क्षति हुनु, हानि नोक्सानी हुनु, विग्रनु वा नास हुनु भन्ने सम्झनु पर्छ।

(य) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दाबी बापतको रकम सम्झनु पर्छ।

(र) **"प्राधिकरण"** भन्नाले बीमा ऐन २०७९ दफा ३ बमोजीमको नेपाल बीमा प्राधिकरण सम्झिनु पर्छ।

## परिच्छेद–२
## रक्षावरण

३. **रक्षावरण:** देहायका कारणबाट बीमा गरिएको सम्पत्ति (घर, घर परिसर तथा घर परिसरमा रहेको सम्पत्ति) मा भएको प्रत्यक्ष भौतिक क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ:

(क) **अग्नीजन्य क्षति:**

(अ) आगलागी वा अग्नीको कारणले भएको क्षति

(आ) आगलागी भई आगो निभाउने क्रममा भएको क्षति

(ख) **हावाजन्य क्षति:**

(अ) हावा, हुरी वतास, आँधिवेहरी वा तुफानको कारणले भएको क्षति

(आ) चक्रबात वा भुमरीको कारणले भएको क्षति

(इ) कुनै प्रकारको बायुमण्डलीय उथलपुथलको कारणबाट भएको क्षति

(ग) **पानीजन्य क्षति:**

(अ) असिना, हिउँ वा हिमआँधीको कारणले भएको क्षति

(आ) बाढी, जलमग्न, डुवानको कारणले भएको क्षति

(इ) पाइप, ट्याङ्की, बाँध, पोखरी, स्प्रिङ्कल, ढल वा पानीको निकास वा अन्य कुनै बस्तु थुनिएर वा त्यसको निकास बन्द भएर वा त्यसबाट ओभरफ्लो भएर, चुहिएर वा फुटेर भएको क्षति।

(घ) **भुमीजन्य क्षति:**

(अ) भुँईचालोको कारणले भएको क्षति।

(आ) कुनै विस्फोटन भई जमिन हल्लिएको कारणले भएको क्षति।

(ङ) **खस्ने वा भासिने सम्बन्धी क्षति:**

(अ) पहिरो वा भुस्खलन को कारणले भएको क्षति।

(आ) ढुङ्गा खस्ने कारणले भएको क्षति।

(इ) हिलो वा लेदो बग्ने कारणले भएको क्षति।

(ई) जमिन, ढिस्को, माटो, बालुवा, रोडा, ढुंगा खस्ने वा भासिने कारणले भएको क्षति।

(उ) किनार, बाटो, भुईं, सडक, खस्ने वा भासिने कारणले भएको क्षति।

(च) **चट्याङजन्य क्षति:**

(अ) चट्याङको कारणले भएको क्षति।

(छ) **विस्फोटनजन्य क्षति:**

(अ) विस्फोटन (एक्स्प्लोजन) को कारणले भएको क्षति।

(आ) अन्तर्फुटन (इम्प्लोजन) को कारणले भएको क्षति।

(ज) **आकासीय सामग्रीजन्य क्षति:**

(अ) हवाई यान, रकेट, आकाशमा उड्ने बस्तुको कारणले भएको क्षति।

(आ) आकाशीय पिण्ड, अपरिचित बस्तु (अनआइडेन्टिफाइड अब्जेक्स) को कारणले भएको क्षति।

(इ) आकाशको माध्यमबाट अकस्मात आउने कुनै पनि रहने यन्त्र, उपकरण वा बस्तुको कारणले भएको क्षति।

(ई) उड्ने बस्तुको उच्च आवाजको कारणले भएको क्षति।

(झ) **धक्का दिएर, छोएर, लडेर वा लागेर हुने क्षति:**

(अ) सवारी साधन, रेल, जनावर वा अन्य चलायमान बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(आ) रूख, विरूवा, खम्बा, तार, सामान, यन्त्र उपकरण वा अन्य बाह्य बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(इ) अन्य घर वा भौतिक संरचनाले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(ञ) **स्वजलन:**

(अ) स्वजलन, आन्तरिक जलन वा आफैं बलेको कारणले भएको क्षति।

(ट) **हुलदंगा तथा आतंकबादजन्य क्षति:**

(अ) हुलदंगाको कारणले भएको क्षति।

(आ) हड्तालका कारणले भएको क्षति।

(इ) रिसइवीपूर्ण कार्यको कारणले भएको क्षति।

(ई) आतंककारी तथा विध्वंशात्मक क्रियाकलापका कारणले भएको क्षति।

(उ) प्रतिघात (स्यावोटेज) का कारणले भएको क्षति।

(ठ) **अन्य क्षति:**

(अ) मिसाइल टेस्टिङ् अपरेशनका कारणले भएको क्षति।

४. **अतिरिक्त सुविधा:** बीमा गरिएको सम्पत्ति क्षति भएको खण्डमा बीमकले बीमितलाई देहाय बमोजिमको अतिरिक्त सुविधा प्रदान गर्नेछः

(क) **आर्किटेक्ट, इन्जिनियर वा सर्भेयरको शुल्क:** आर्किटेक्ट, इन्जिनियर वा सर्भेयरको (फि) शुल्क दाबी मूल्याङ्कन रकमको बढीमा तीन प्रतिशतमा नबढ्ने गरी बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ।

(ख) **भग्नावशेष बिस्थापन:** क्षतिग्रस्त सम्पत्तिको भग्नावशेष हटाउन वा विस्थापन गर्नका लागि लाग्ने खर्च दश लाख रूपैंया वा दाबी मूल्याङ्कन रकमको दश प्रतिशत मध्ये जुन कम हुन्छ सोही बरावरको रकम बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ।

(ग) **दुर्घटना:** बीमित वा निजको परिवारको बढीमा पाँच जना सदस्यलाई घर परिसर भित्र बीमा गरिएको जोखिमस्वरूप भएको दुर्घटनाबाट देहायको क्षति भएको खण्डमा बीमकले देहाय बमोजिमको क्षतिपूर्ति भुक्तानी गर्नेछः

(अ) मृत्यु भएमा वा दुवै हात वा खुट्टा काटिई अलग भएमा वा दुबै आँखाको दृष्यशक्ति नफर्किने गरी पूर्ण रूपमा क्षति भएमा प्रति प्रति ब्यक्ति रू. सात लाख

(आ) एउटा हातको नाडी वा खुट्टाको गोलीगाँठो वा सो भन्दा माथिको भाग काटिई अलग भएमा प्रतिब्यक्ति प्रति हात वा प्रति खुट्टा रू.तीन लाख

(इ) हात वा खुट्टाको बुढिऔंला काटिएमा प्रतिब्यक्ति प्रति बुढिऔंला रू. एक लाख

(ई) हात वा खुट्टाको अन्य कुनै औंला काटिएमा प्रतिब्यक्ति प्रति औंला रू. पचास हजार

(उ) अन्य अङ्गको क्षति भएमा चिकित्सकको सिफारिस अनुसार समानुपातिक हिसावले हुन आउने रकम

(घ) **चोरी, लुटपाट वा डकैति:** घर वा घर परिसरमा चोरी, लुटपाट वा डकैती वा सोको प्रयासस्वरूप भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ।

परिच्छेद–३

## अपबाद

५. **अपबाद:** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका जोखिमको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नेछैन:

(क) **अनुसांगिक क्षति:** कुनै कारणबाट भएको क्षतिको परिणामस्वरूप सिर्जना भएको देहाय बमोजिमको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन:

(अ) आम्दानी वा नाफामा भएको कमी वा क्षति

(आ) ढिलाईको कारणले भएको क्षति

(इ) ख्याति वा लोकप्रियतामा भएको ह्रास वा क्षति

(ई) उत्पादन प्रणालीमा आएको अवरोधको कारणले भएको क्षति

(उ) बजारको कारणले भएको क्षति

(क) **यन्त्र उपकरणको टुटफुट:** यन्त्र उपरकणको टुटफुट भएको कारणबाट हुने यन्त्र उपकरणको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त टुटफुट भएको यन्त्र उपकरण बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ।

(ख) **विद्युतीय उपकरण:** चट्याङ तथा अन्य कारणले उत्पन्न भएको उच्च विद्युतीय भोल्टेजको कारणले विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणमा भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

तर, सिधै चट्याङ लागी विद्युतीय वा इलेक्ट्रोनिक उपकरणको क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ।

(ग) **कम्प्युटरमा भएको सूचना तथा तथ्याङ्क:** कम्प्युटरमा भएका सूचना तथा तथ्याङ्क (डाटा) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

तर, कम्प्युटर तथा कम्प्युटर सम्बन्धी यन्त्र उपकरणको भौतिक क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ।

(घ) **अधिकार प्राप्त निकायबाट गरिएको क्षति:** अधिकार प्राप्त निकायबाट जुनसुकै कारणले भत्काई वा आगो लगाई वा पानी प्रयोग गरी वा अन्य कुनै तरिकाले गरिएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

(ङ) **देहायको कारणबाट भएको चोरी:** देहायको कारणबाट भएको चोरी, लुटपाट तथा डकैतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैन:

(अ) बीमित वा निजसङ्ग स्थायी रूपमा बसोवास गर्ने पारिवारिक ब्यक्तिले गरेको चोरी, लुटपाट, डकैति वा सोको प्रयास,

(आ) धोखापूर्ण उपायले सम्पत्ति हडप्ने ब्यक्तिबाट,

(इ) चलनचल्तीबाट भएको क्षति, मेशिन तथा विद्युतीय गडवडी, टुटफुट, ह्रास, क्रमिक रूपले नाश हुँदै जाने, भित्री खरावी, शीत, बर्षा, तुसारो, वातावरणीय प्रभाव, किरा, नयाँ खडा गर्ने र भत्काउने प्रक्रियाबाट।

(च) **देहायको कारणबाट भएको दुर्घटना:** देहायको कारणबाट दुर्घटना भई बीमित वा बीमितको परिवारको मृत्यु भएको रहेछ भने बीमकले दाबी रकम भुक्तानी गर्नेछैन:

(अ) लागू औषधीको प्रभाव

(आ) पागलपन वा मानसिक असन्तुलन,

(इ) कुनै प्रकारको होड वा खतरनाक खेलकुदमा भाग लिँदाको अवस्था

(ई) कानून बिरोधी क्रियाकपाल

(उ) आत्महत्या वा आत्महत्याको प्रयास

(छ) **विकिरणयुक्त पदार्थ तथा आणविक, रासायनिक तथा जैविक हतियार:** (१) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

(२) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

NEPAL INSURANCE AUTHORITY

(ज) **युद्ध वा युद्ध सरहको अवस्था:** सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी शत्रुको कारबाही वा कुनै युद्ध सरहको कारबाही वा गृहयुद्ध वा सो सरहको अवस्थामा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

(झ) **तेस्रो पक्षको क्षति:** बीमितको सम्पत्तिबाट सिर्जित हुने तेस्रो पक्ष प्रतिको दायित्वको लागि बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

(ञ) **अन्य क्षति:** देहायको कारणले भएको क्षतिको बीमकले क्षतिपूर्ति बीमकले प्रदान गर्नेछैनः

(अ) बस्तुको प्रकृति परिवर्तन,

(आ) प्रदुषण वा अन्य बस्तुको संसर्ग (कन्टामिनेसन) बाट भएको क्षति,

(इ) सुकाउने वा तताउने क्रममा भएको क्षति,

परिच्छेद–४

## शर्तहरू

६. **प्रस्ताव र स्वीकृति:** (१) बीमालेख जारी गर्नु अघि बीमितले प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी हुने छैन।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना बीमितलाई दिनु पर्नेछ।

७. **बीमाशुल्क गणना:** बीमाशुल्क गणना गर्दा सम्पत्ति बीमा निर्देशन, २०८० अनुसार गरिनेछ।

८. **बीमाशुल्क भुक्तानी:** (१) बीमकको तर्फबाट सहिछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन।

(२) बीमाशुल्क भुक्तानी नभएसम्म बीमालेख जारी गरिने छैन।

९. **व्याख्या:** (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, तालिका, सम्पुष्टी, बीमा संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ सम्पत्ति बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग गरिएका विशेष शब्द तथा बाक्यहरू जहाँ जुन आशयका साथ प्रयोग गरिएको छ, सोही अनुरूपकै अर्थ लगाउनु पर्नेछ।

(३) यस बीमालेखमा प्रयोग भएका मुख्य तथा बीमासङ्ग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

१०. **झुठ्ठा विवरण:** देहायको अवस्थामा बीमितले झुठ्ठा विवरण दिएको मानिनेछः

(क) बीमा गरिएको सम्पत्ति रहेको भवन वा स्थानको बारेमा बीमितले आफूलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिँदा झुठ्ठा विवरण दिएमा, वा

(ख) जोखिम विश्लेषण गर्न आवश्यक पर्ने वास्ताविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा, वा

(ग) वास्तविकताको उल्लेख गर्दा कुनै बस्तुगत तथ्य (म्याटेरियल फ्याक्ट) उल्लेख नगरेमा।

११. **भुक्तानी दिन बाध्य नहुने:** देहायको अवस्थामा बीमकले दाबी बापतको रकम भुक्तानी गर्न बाध्य हुने छैनः

(क) दफा नं. १० बमोजिम झुठ्ठा विवरण दिएमा, वा

(ख) दफा नं. १७ बमोजिम बीमकबाट लिखित समर्थन नजनाएमा, वा

तर, बीमा दाबी भुक्तानी दिन अस्वीकार गर्नु अघि बीमकले उल्लेखित तथ्यहरू प्रमाणित गर्नु पर्नेछ।

१२. **क्षतिपूर्ति नपाउने:** देहायको कुनै अवस्था उत्पन्न भएमा बीमितले यस बीमालेख अन्तर्गत दाबी बापतको क्षतिपूर्ति पाउने छैनः

(क) दाबी जालसाजीपूर्ण भएमा, वा

(ख) दावीको सिलिसिलामा बीमित वा निजको तर्फबाट कार्य गर्ने ब्यक्तिले झुठ्ठा वयान दिई कुनै अनुचित लाभ उठाउन खोजेमा, वा

(ग) बीमकले दाबी अस्वीकार गरेको छ (६) महिना भित्र नेपाल बीमा प्राधिकरण समक्ष उजुरी नगरेमा, वा

(घ)बीमा ऐन, २०४९ बमोजिम नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा फैसला गरेको पैंतीस (३५) दिन भित्र उच्च अदालतमा उजुरी नगरेमा

तर, दाबी भुक्तानी रकम दिन अस्वीकार गर्नु अघि बीमकले उल्लेखित तथ्यहरू प्रमाणित गर्नु पर्नेछ।

१३. <u>खारेजी:</u> (१) देहायको अवस्थामा बीमालेख स्वतः खारेज हुनेछः

(क) प्रस्ताव फाराम नभरेमा

(ख) बीमाशुल्क बापतको जम्मा गरेको पूरा रकम बीमकको बैंक खातामा प्राप्त नभई बीमालेख जारी गरेको भएमा,

(ग)आफ्नो हकहितमा नरहेको सम्पत्तिको बीमा गराएमा,

(घ)तीस दिन भन्दा लामो अवधिको बैंक जमानतमा बीमालेख जारी गराएमा,

(ङ) बीमालेखमा उल्लेख गरिएको स्थानबाट बीमा गरिएको सवै सम्पत्ति यसै बीमालेख अन्तर्गत रक्षावरण भएको स्थान बाहेक अन्यत्र विस्थापन भएमा वा अन्यत्र सारिएमा,

(च) स्वामित्व हस्तान्तरण भएको साठी (६०) दिन भित्र सम्पत्तिको स्वामित्व प्राप्त गर्ने ब्यक्तिको नाममा बीमालेख नामसारी नभएमा।

(२) बीमकले देहायको अवस्थामा बीमालेख खारेज गर्न सक्नेछः

(क) बीमितले बीमालेख खारेज गर्न अनुरोध गरेमा,

(ख) नेपाल बीमा प्राधिकरणले कारण सहित बीमालेख खारेज गर्न निर्देशन दिएमा,

(ग) बीमितले गैरकानूनी सम्पत्तिको बीमा गराएको प्रमाणित भएमा,

(३) बीमितको अनुरोधमा बीमालेख खारेज गर्नु परेको अवस्थामा बीमितलाई बहाल रहेको अवधिको लागि देहाय बमोजिमको छोटो अवधिको बीमादर अनुसार बीमाशुल्क लिई बाँकी बीमाशुल्क फिर्ता गर्नु पर्नेछः

| क्र.सं. | अवधि | बीमाशुल्क |
|---|---|---|
| १ | एक महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको १५ प्रतिशत |
| २ | तीन महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ४० प्रतिशत |
| ३ | छ महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ७० प्रतिशत |
| ४ | नौ महिना सम्मको लागि | बार्षिक बीमाशुल्कको ८५ प्रतिशत |
| ५ | नौ भन्दा बढी अवधिको लागि | बार्षिक बीमाशुल्क |

तर, बीमालेख खारेज हुनु अघि दाबी परिसकेको रहेछ भने बीमाशुल्क फिर्ता हुने छैन।

(४) यस दफा बमोजिम बीमकले आफैंले बीमालेख खारेज गर्नु परेको खण्डमा बीमितलाई पन्ध्र (१५) दिनको पूर्व जानकारी दिनु पर्नेछ र बाँकी बीमा अवधिको लागि समानुपातिक दरमा बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

१४. <u>योगदान:</u> (१) यस बीमालेखबाट बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको कुनै अंश अर्को कुनै पनि घर बीमालेख वा सम्पत्ति बीमालेख मार्फत बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवस बीमा गरिएको सम्पत्ति अन्य बीमा कम्पनीमा समेत बीमा भएको रहेछ र त्यस्तो सम्पत्ति वा सम्पत्तिको केही अंशको दाबी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

(३) बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको केही अंशको क्षतिपूर्ति सामुन्द्रिक बीमालेखबाट समेत प्राप्त हुने रहेछ भने सामुन्द्रिक बीमालेखबाट क्षतिपूर्ति प्राप्त भएपश्चात बाँकी रकम मात्र यस बीमालेख अन्तर्गत प्रदान गरिनेछ।

१५. <u>प्रत्यासन:</u> (१) बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारबाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्य बीमित आफैंले गर्नु पर्ने भए आफैंले गर्नु पर्नेछ वा बीमकले गर्न मिल्ने भएमा बीमकलाई लिखित अनुमति दिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको कार्यको खर्च बीमकको हुनेछ।

१६. **न्यून बीमा:** (१) बीमा गरिएको सम्पत्तिको क्षति भएको बेलामा मूल्याङ्कन गर्दा क्षति भएको सम्पत्तिको बजार मूल्यको तुलनामा बीमाङ्क रकम ८५ (पचासी) प्रतिशत भन्दा कम हुन आएमा बीमकले न्यून बीमा अन्तर्गत भुक्तानी गर्ने दाबीको सूत्र (औषत शर्त) अनुसार गणना गरी हुन आउने रकम भुक्तानी गर्नेछ ।

(२) बीमा गरिएको सम्पत्ति एक भन्दा बढी संख्यामा रहेछ भने प्रत्येक सम्पत्तिको लागि यो प्रावधान छुट्टाछुट्टै लागू हुनेछ ।

(३) देहायको अवस्थामा औषत शर्त लागू हुने छैन:-

(क) बीमाङ्कको दश प्रतिशत वा दश लाख रूपैंया मध्ये जुन कम हुन्छ सो वरावरको क्षति हुन आएमा,

(ख) पूर्ण क्षति भएको अवस्थामा ।

१७. **परिवर्तन तथा परित्याग:** देहायको कुनै घटना घट्नु वा क्षति हुनु अगावै बीमकको तर्फबाट लिखित समर्थन गराउनु पर्नेछ ।

(क) ब्यापार तथा उत्पादन प्रक्रियामा परिवर्तन भएमा, वा

(ख) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवनको प्रयोगमा परिवर्तन भएको कारणले जोखिममा उल्लेख्य बृद्धि भएमा, वा

(ग) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवन साठी (६०) दिन भन्दा लामो समय सम्म मानिस नवसी खाली रहेमा ।

१८. **स्वामित्व परिवर्तन:** (१) प्रचलित कानून बमोजिम उत्तराधिकारीमा सरेकोमा बाहेक बीमितबाट अन्य ब्यक्ति वा सँस्थामा बीमा गरिएको सम्पत्तिको स्वामित्व हस्तान्तरण भएमा तीस (३०) दिन भित्र बीमितले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वामित्व परिवर्तन गर्नका लागि बीमितले निवेदन दिएमा तत्काल कुनै शुल्क नलिई बीमकले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

१९. **दाबी:** (१) बीमकले बीमाङ्क रकम भन्दा बढी हुने गरी दाबी भुक्तानी गर्ने छैन ।

(२) यस बीमालेखको अपवादमा उल्लेख गरिए बाहेकको कुनै घटना घटी बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमितले तत्काल देहायका कुराहरू गर्नु पर्नेछः

(क) बीमा गरिएको सम्पत्तिको क्षति न्यूनीकरणको लागि प्रयास गर्ने,

(ख) आगलागी, हुलदंगा तथा आतंकबाद जोखिम समूह वा आपराधिक कारणबाट क्षति भएमा वा त्यसरी क्षति भएको हो भनी शंका लागेमा प्रहरी कार्यालयमा खवर गर्ने,

(३) उपदफा (२) बीमकलाई जानकारी दिएको पैंतीस (३५) दिन वा बीमकले थप म्याद दिएकोमा उक्त अवधि भित्र बीमितले बीमकलाई देहायका विवरण उपलब्ध गराउनु पर्नेछः

(क) दाबी उत्पन्न हुने वा क्षति गराउने घटनाको उत्पत्ति, कारण तथा घटना घट्दाको परिस्थितको विवरण,

(ख) क्षति परेको सम्पत्तिको क्षति हुँदाको मूल्य (कुनै नाफा समावेश नगरिएको मूल्य) को आधारमा तयार पारिएको दाबी रकम सहितको विस्तृत विवरण,

(ग) दाबीको सत्यता जाहेर गर्ने कागजात, दाबीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान, योजना, नापनक्सा, बहिखाता, भौचर, प्रतिलिपि, बीजक, अन्य कागजपत्र जस्ता प्रमाण,

(घ) बीमा गरिएको सम्पत्तिको अन्य बीमा कम्पनीमा समेत बीमा गरिएको भए सोको विवरण ।

(४) बीमकले बीमा गरिएको सम्पत्तिको क्षति भएको जानकारी प्राप्त गरेमा उक्त बीमितसङ्ग सम्पर्क गरी दाबी प्रक्रियामा निजलाई सहयोग गर्नेछ ।

(५) एउटै बीमा अवधिमा जतिसुकै पटक पनि दाबी गर्न सकिनेछ र धेरैपटक दाबी गरेकै कारणले बीमकले दाबी अस्वीकार गर्ने छैन ।

२०. **अधिक:** (१) यस बीमालेख अन्तर्गत देहाय बमोजिमको अधिक लागू हुनेछः

(क) भूकम्प तथा पानीजन्य जोखिमबाट क्षति भएको बीमा गरिएको सम्पत्तिको हकमा दाबी मूल्यांकन रकमको ५ प्रतिशत बरावरको रकम ।

(ख) अन्य कुनै पनि कारणबाट भएको क्षतिको हकमा दाबी मूल्यांकन रकमको १ प्रतिशत बरावरको रकम ।

**स्पष्टिकरण:** अधिक गणना गर्दा कूल दाबी रकममा नभै प्रत्येक बीमा गरिएको सम्पत्तिको लागि अलग अलग गणना गरी कूल रकम निर्धारण गरिनेछ ।

(ग) पाँच हजार रूपैंया भन्दा कम रकमको दाबी गर्न पाइने छैन ।

२१. **ह्रास:** (१) क्षतिपूर्ति रकम निर्धारण गर्दा बीमकले ह्रासकट्टी गरी गणना गर्नेछ।

(२) बीमा दावी मूल्याङ्कन गर्ने प्रयोजनको लागि सम्पत्तिको ह्रास कट्टी देहाय अनुसार गरिनेछः

(क) भवनको हकमा बार्षिक २ प्रतिशतका दरले

(ख) घरायसी मेसिनरीको हकमा बार्षिक १० प्रतिसत

(ग) अन्य सम्पत्तिको हकमा नियमानुसार।

(३) ह्रास कट्टी गर्दा जुनसुकै अवस्थामा पनि बीमाङ्कको कूल पचास प्रतिशत भन्दा बढी हुने गरी ह्रास कट्टी गर्न पाइने छैन।

२२. **बीमकको अधिकार:** (१) बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमकले देहाय बमोजिम गर्न सक्नेछः

(क) क्षति भएको भवन वा परिसरमा प्रवेश गर्न वा कब्जामा लिन वा जिम्मा लिन, वा

(ख) क्षति भएको भवन वा परिसर भित्र रहेको बीमितको कुनै सम्पत्ति वा क्षति भएको सम्पत्ति आफ्नो कब्जामा लिन वा जिम्मा लिन, जाँचवुझ गर्न, छनौट गर्न, मिलान गर्न, हटाउन वा ब्यवस्थापन गर्न, वा

(ग) क्षति भएको सम्पत्ति आफैंले वा सरोकारवालाको तर्फबाट विक्री गर्न वा किनारा लगाउन।

(२) बीमकले आफ्नो रोजाई अनुसार क्षति भएको सम्पत्ति वा त्यसको कुनै अंशको क्षतिपूर्ति स्वरूप मर्मत, बदली, सट्टा भर्ना वा नगद भुक्तानी गरिदिन सक्नेछ र उक्त काम बीमक आफैंले, अन्य कम्पनी मार्फत वा अन्य बीमकसंग मिली गर्न सक्नेछ।

तर, निश्चित तरिकाले क्षतिपूर्ति दिने भनी तालिकामा तोकिएको अवस्थामा सोही तरिकाले क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

(३) बीमकले बीमा गरिएको सम्पत्तिको बदली वा सट्टा भर्ना गर्दा दुरूस्त रूपमा गरिदिन बाध्य हुने छैन।

तर, परिस्थिति अनुसार यथासम्भव दुरूस्त बनाउन प्रयत्न गर्नु बीमकको दायित्व हुनेछ।

२३. **बीमितको दायित्व:** (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमितले पालना गर्नु पर्नेछ।

(२) बीमकले आफ्नो अधीनमा लिएको वा नलिएको कुनै पनि सम्पत्ति बीमितले छाड्न वा परित्याग्न गर्न पाउने छैन।

(३) बीमा गरिएको सम्पत्तिको बीमितले उचित स्याहार (स्ट्यान्डर्ड अफ केयर), मर्मत सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानी अपनाउनु पर्नेछ।

(४) दाबी छानबीन, अनुसन्धान वा सर्भेको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई बीमितले पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ।

(५) बीमा गरिएको सम्पत्तिको जोखिममा बृद्धि भएको थाहा भएमा बीमितले बीमकलाई जानकारी गराउनु पर्नेछ।

(६) दाबी यकिन गर्नका लागि आवश्यक प्रमाण बीमितले जुटाउनु पर्नेछ।

२४. **बीमाङ्कको पुनर्स्थापना:** (१) बीमा अवधिमा प्रत्येक पटक दाबी परेपश्चात बाँकी अवधिको लागि बीमाङ्क रकम दाबी बरावरको रकमले स्वतः कम हुनेछ।

(२) बीमितले बाँकी अवधिको लागि पूरा बीमाङ्क कायम राख्न चाहेमा दाबी वरावरको रकमको समानुपातिक रूपमा हुन आउने बीमाशुल्क भुक्तानी गर्नुपर्नेछ र बीमकले तत्काल साविक बीमाङ्क रकम पुनर्स्थापना गरिदिनेछ।

२५. **समय सीमा:** (१) बीमालेखको अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा मध्यरात बाह्र बजे बीमालेख समाप्त हुनेछ।

२६. **बीमालेख जारी गर्न नपाईने अवस्था:** मोटर बीमालेख, सामुन्द्रिक बीमालेख, हवाई बीमालेख, इन्जिनियरिङ बीमालेख, कृषि,पशुपन्छी तथा जडिबुटी बीमालेख, नगद तथा मार्गस्थ बीमा र बैंकर्सको क्षतिपूर्ति बीमालेख लगायत विविध बीमा अन्तर्गत रक्षावरण हुने जोखिमको लागि यो बीमालेख जारी गर्न पाइने छैन।

२७. **विवाद समाधान:** (१) देहायको कुनै अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई छ (६) महिना भित्र नेपाल बीमा प्राधिकरणमा उजुरी गर्न सक्नेछः

(क) बीमकले दाबी बापतको निवेदन लिन अस्वीकार गरेमा,

(ख) बीमकले दाबी बापतको रकम दिन अस्वीकार गरेमा, वा

(ग) बीमकले बीमितलाई दिन आँटेको दाबी बापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा, वा

(क) बीमित वा बीमालेख धारक वा कानूनी हकवाला बाहेक अन्य पक्षलाई दाबी बापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(घ) बीमा तथा दाबी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(२) नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा दिएको निर्णय चित्त नवुझेमा निर्णय प्राप्त भएको पैंतीस (३५) दिन भित्र बीमितले उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सक्नेछ।

२८. <u>लिखित:</u> (१) बीमक तथा बीमित बीच हुने कुनै पनि सूचना, पत्र, लेखापढी लिखित हुनेछ।

(२) बीमालेखको एक प्रति बीमकले राखी एक प्रति बीमितलाई दिइनेछ।

(३) बीमितले बीमालेख प्राप्त गरेको प्रमाण बीमकले बीमालेखको आफ्नो प्रतिसंगै सुरक्षित रूपमा राख्नेछ।

अनुसूची–५

## सम्पत्ति बीमालेख

(दफा ४ सङ्ग सम्बन्धित)

यस बीमालेखको तालिकामा उल्लेख भएको सम्पत्तिको क्षति बिरूद्ध बीमा गर्नको लागि बीमितले पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ... ... ... ... बीमा कम्पनी लिमिटेड (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम "**सम्पत्ति बीमालेख**" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) **"अधिक"** भन्नाले बीमकले दाबी मूल्यांकन रकमबाट अनिवार्य रूपमा घटाउने रकम सम्झनु पर्छ।

(ख) **"अपबाद"** भन्नाले बीमालेखले रक्षावरण नगर्ने जोखिम वा बीमालेखले क्षति प्रदान नगर्ने वा नसमेट्ने अवस्था सम्झनु पर्छ।

(ग) **"आगलागी"** भन्नाले दुर्घटनावस ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगो वा अग्नी सम्झनु पर्छ।
तर, कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगो वा अग्नी मानिने छैन।

(घ) **"आनुसाङ्गिक क्षति"** भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष (कन्सिक्वेन्सियल) वा एउटा घटनाको परीणाम स्वरूप हुने अप्रत्यक्ष क्षति सम्झनु पर्छ।

(ङ) **"औसत शर्त"** बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुँदा उक्त सम्पत्तिको बजार मूल्य भन्दा बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रूपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्छ। त्यस्तो रकम देहाय अनुसार गणना गरिनेछः

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति भएको सम्पत्तिको बीमाङ्क} \times \text{बास्तविक क्षति}}{\text{क्षति भएको सम्पत्तिको बजार मूल्य}}$$

(च) **"घोषित बीमालेख"** भन्नाले बीमितले प्रत्येक महिनामा एकपटक आफूसङ्ग भएको मौज्दातको मूल्यको घोषणा गरी बीमकलाई जानकारी गराउने गरी मौज्दात (स्टक) सङ्ग सम्बन्धित बीमालेख सम्झनु पर्छ, जसमा घोषणा गरिएको मूल्यको आधारमा बीमाङ्क परिवर्तन भए अनुसार बीमाशुल्क समायोजन गर्ने सम्झनु पर्छ।

(छ) **"चट्याङ"** भन्नाले चट्याङ परेर वा बिजुली चम्किएर भएको आगलागी, भौतिक क्षतिं वा उच्च भोल्टेजको विद्युत प्रबाह सम्झनु पर्छ।

(ज) **"जोखिम"** भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ।

(झ) **"तालिका"** भन्नाले बीमा गरिएको सम्पत्ति, बीमाङ्क, बीमाशुल्क लगायत बीमालेख जारी गर्न आवश्यक पर्ने विवरणहरू उल्लेख भएको बीमालेखको अङ्गको रूपमा रहने तालिका सम्झनु पर्छ।

(ञ) **"दाबी"** भन्नाले बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ट) **"धक्काको असर (इम्प्याक्ट)"** भन्नाले जनावर, सवारी साधन, रेल, कुनै चलायमान वा स्थिर बस्तु वा अन्य कुनै पनि यान्त्रिक बस्तुको ठक्कर वा धक्काबाट सम्पत्तिको भित्रि वा बाहिरी भागमा पर्ने असर सम्झनु पर्छ।

(ठ) **"निर्देशन"** भन्नाले सम्पत्ति बीमा सम्बन्धी निर्देशन, २०८० सम्झनु पर्छ।

(ड) **"फ्लोटिङ बीमालेख"** भन्नाले एक भन्दा बढी स्थानमा बीमा गरिएको सम्पत्ति वा मौज्दातको रक्षावरण गर्न एउटै बीमालेखमा एकमुष्ट बीमाङ्क रकम राखी जारी गरिने बीमालेख सम्झनु पर्छ।

(ढ) **"बस्तुगत तथ्य"** भन्नाले बीमा गरिएको सम्पत्तिको जोखिम बढाउन वा घटाउन सक्ने महत्वपूर्ण तथ्य सम्झनु पर्छ।

(ण) **"बीमक"** भन्नाले यो बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(त) **"बीमा करार"** भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टी, बीमालेखको संशोधन तालिका, बीमाशुल्क भुक्तानी रसिद तथा बीमालेख सङ्ग सम्बन्धित अन्य कागजातहरू सहित बीमक तथा बीमित बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ।

NEPAL INSURANCE AUTHORITY

(थ) **"बीमा गरिएको सम्पत्ति"** भन्नाले तालिकामा उल्लेख भए अनुसार यस बीमालेखद्वारा रक्षावरण गरिएको वा बीमा गरिएको वा बीमा गरिने बीमितको बीमायोग्य हित रहेको सम्पत्ति सम्झनु पर्छ।

(द) **"बीमाङ्क"** भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख गरिए अनुसारको कूल बीमा रकम सम्झनु पर्छ।

(ध) **"बीमालेख"** भन्नाले बीमक र बीमित बीचको बीमा सम्बन्धी करार सम्झनु पर्छ।

(न) **"बीमाशुल्क"** भन्नाले सम्पत्तिको बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(न्) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा सँस्था वा बीमालेख धारक सम्झनु पर्छ।

(प) **"भूकम्प"** भन्नाले भूँईचालोको कारणले हुने आगलागी वा अन्य क्षतिजन्य घटना सम्झनु पर्छ।

(फ) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको सम्पत्तिमा रहेको जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमाशुल्क निर्धारण गर्न र बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा सघाउ पुर्याउन आवश्यक पर्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(ब) **"रक्षावरण"** भन्नाले बीमा गरिएको सम्पत्तिको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(भ) **"विस्फोटन"** भन्नाले कुनै यन्त्र वा उपकरणको आन्तरिक वा बाह्य विस्फोटन वा अन्य कुनै प्रकारले भएको विस्फोटन सम्झनु पर्छ।

(म) **"समानुपातिक दर"** भन्नाले एक बर्षको लागि लाग्ने बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिका लागि लाग्ने बीमादर सम्झनु पर्छ।

(य) **"क्षति"** भन्नाले कुनै घटना भै हुने क्षति हुनु, हानि नोक्सानी हुनु, बिग्रनु वा नास हुनु भन्ने सम्झनु पर्छ।

(र) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दाबी बापतको रकम सम्झनु पर्छ।

(र्) **प्राधिकरण''** भन्नाले बीमा ऐन २०७९ दफा ३ बमोजीमको नेपाल बीमा प्राधिकरण सम्झिनु पर्छ।

परिच्छेद–२

## रक्षावरण

३. रक्षावरण: देहायका कारणबाट भएको बीमा गरिएको सम्पत्तिको प्रत्यक्ष भौतिक क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः

(क) अग्नीजन्य क्षति:

(अ) आगलागी वा अग्नीको कारणले भएको क्षति

(आ) आगलागी भई आगो निभाउने क्रममा भएको क्षति

(ख) हावाजन्य क्षति:

(अ) हावा, हुरी वतास, आँधिवेहरी वा तुफानको कारणले भएको क्षति

(आ) चक्रबात वा भुमरीको कारणले भएको क्षति

(इ) कुनै प्रकारको बायुमण्डलीय उथलपुथल

(ग) पानीजन्य क्षति:

(अ) असिना, हिउँ वा हिमआँधीको कारणले भएको क्षति

(आ) बाढी, जलमग्न, डुवानको कारणले भएको क्षति

(इ) पाइप, बाँध, पोखरी, स्प्रिङ्कल, ढल वा पानीको निकास बन्द भएर वा त्यसबाट ओभरफ्लो भएर, चुहिएर वा फुटेर भएको क्षति।

(घ) भूमीजन्य क्षति:

(अ) भुँईचालोको कारणले भएको क्षति।

(आ) कुनै विस्फोटन भई जमिन हल्लिएको कारणले भएको क्षति।

(ङ) खस्ने वा भासिने सम्बन्धी क्षति:

(अ) पहिरो वा भुस्खलन को कारणले भएको क्षति।

(आ) ढुङ्गा खस्ने कारणले भएको क्षति।

(इ) हिलो वा लेदो बग्ने कारणले भएको क्षति।

(ई) जमिन, ढिस्को, माटो, ढुंगा, बालुवा, रोडा, ईटा खस्ने वा भासिने कारणले भएको क्षति।

(उ) किनार, बाटो, सडक खस्ने वा भासिने कारणले भएको क्षति।

(च) चट्याङजन्य क्षति:

(अ) चट्याङको कारणले भएको क्षति।

(छ) विस्फोटनजन्य क्षति:

नेपाल बीमा प्राधिकरण
★ NEPAL INSURANCE AUTHORITY ★

(अ) विस्फोटन (एक्स्प्लोजन) को कारणले भएको क्षति।

(आ) अन्तर्फुटन (इम्प्लोजन) को कारणले भएको क्षति।

(ज) **आकासीय सामग्रीजन्य क्षति:**

(अ) हवाई यान, रकेट, आकाशमा उड्ने बस्तुको कारणले भएको क्षति।

(आ) आकाशीय पिण्ड, अपरिचित बस्तु (अनआइडेन्टिफाइड अब्जेक्स) को कारणले भएको क्षति।

(इ) आकाशको माध्यमबाट अकस्मात आउने कुनै पनि रहने यन्त्र, उपकरण वा बस्तुको कारणले भएको क्षति।

(ई) उड्ने बस्तुको उच्च आवाजको कारणले भएको क्षति।

(झ) **धक्का दिएर, छोएर, लडेर वा लागेर हुने क्षति:**

(अ) सवारी साधन, रेल, जनावर वा अन्य चलायमान बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(आ) रूख, विरूवा, खम्बा, तार, सामान, यन्त्र उपकरण वा अन्य बाह्य बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(इ) अन्य घर वा भौतिक संरचनाले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति।

(ञ) **स्वजलन:**

(अ) स्वजलन, आन्तरिक जलन वा आफैं बलेको कारणले भएको क्षति।

(ट) **हुलदंगा तथा आतंकवादजन्य क्षति:**

(अ) हुलदंगाको कारणले भएको क्षति।

(आ) हड्तालका कारणले भएको क्षति।

(इ) रिसइवीपूर्ण कार्यको कारणले भएको क्षति।

(ई) आतंककारी तथा विध्वंशात्मक क्रियाकलापका कारणले भएको क्षति।

(उ) प्रतिघात (स्यावोटेज) का कारणले भएको क्षति

(ठ) **अन्य क्षति:**

(अ) मिसाइल टेस्टिङ् अपरेशनका कारणले भएको क्षति।

४. **अतिरिक्त सुविधा:** बीमा गरिएको सम्पत्ति क्षति भएको खण्डमा बीमकले बीमितलाई देहाय बमोजिमको अतिरिक्त सुविधा प्रदान गर्नेछ:

(अ) **आर्किटेक्ट, इन्जिनियर वा सर्भेयरको शुल्क:** आर्किटेक्ट, इन्जिनियर वा सर्भेयरको (फि) शुल्क दाबी मूल्यांकन रकमको बढीमा तीन प्रतिशतमा नबढ्ने गरी बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ।

(आ) **भग्नावशेष बिस्थापन:** क्षतिग्रस्त सम्पत्तिको भग्नावशेष हटाउन वा विस्थापन गर्नका लागि लाग्ने खर्च दश लाख रूपैंया वा दाबी मूल्याङ्कन रकमको दश प्रतिशत मध्ये जुन कम हुन्छ सोही बरावरको रकम बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ।

## परिच्छेद–३

## अपबाद

५. **अपबाद:** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका जोखिमको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नेछैन:

(क) **आनुसांगिक क्षति:** कुनै कारणबाट भएको क्षतिको परिणामस्वरूप सिर्जना भएको देहाय बमोजिमको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन:

(क) आम्दानी वा नाफामा भएको कमी वा क्षति

(ख) ढिलाईको कारणले भएको क्षति

(ग) ख्याति वा लोकप्रियतामा भएको ह्रास वा क्षति

(घ) उत्पादन प्रणालीमा आएको अवरोधको कारणले भएको क्षति

(ङ) बजारको कारणले भएको क्षति

(ख) **यन्त्र उपकरणको टुटफुट:** यन्त्र उपरकणको टुटफुट भएको कारणबाट हुने उक्त यन्त्र उपकरणको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त टुटफुट भएको यन्त्र उपकरण बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ।

(ग) विद्युतीय उपकरण: चट्याङ तथा अन्य कारणले उत्पन्न भएको उच्च विद्युतीय भोल्टेजको कारणले विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणमा भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।
तर, सिधै चट्याङ लागी विद्युतीय वा इलेक्ट्रोनिक उपकरणको क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ।

(घ) कोल्ड स्टोरेजमा तापक्रममा भएको परिवर्तन: तापक्रममा आएको परिवर्तनको कारणले कोल्ड स्टोरेजमा राखिएको मौज्दातमा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैन।
तर, सो मौज्दातमा भएको क्षतिको कारणबाट भएको अन्य सम्पत्ति (मौज्दात बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ।

(ङ) ब्वाइलर वा उच्च चापमा चल्ने यन्त्रको विस्फोटन: उद्योगमा जडान गरिएको ब्वाइलरको विस्फोटनको कारणबाट हुने ब्वाइलरको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।
तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त विस्फोटन भएको ब्वाइलर वा चापमा चल्ने यन्त्र बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ।

(च) कम्प्युटरमा भएको सूचना तथा तथ्याङ्क: कम्प्युटरमा भएका सूचना तथा तथ्याङ्क (डाटा) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

(छ) कानूनद्वारा अधिकार प्राप्त निकायबाट गरिएको क्षति: कानूनद्वारा अधिकार प्राप्त निकायबाट जुनसुकै कारणले भत्काई वा आगो लगाई वा पानी प्रयोग गरी वा अन्य कुनै तरिकाले गरिएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

(ज) विकिरणयुक्त पदार्थ तथा आणविक, रासायनिक तथा जैविक हतियार: (१) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।
(२) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन।

(झ) युद्ध वा युद्ध सरहको अवस्था: सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी शत्रुको कारबाही वा कुनै युद्ध सरहको कारबाही वा गृहयुद्ध वा सो सरहको अवस्थामा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

(ञ) तेस्रो पक्षको क्षति: बीमितको सम्पत्तिबाट सिर्जित हुने तेस्रो पक्ष प्रतिको दायित्वको लागि बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

(ट) अन्य क्षति: देहायको कारणले भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैनः
(क) बस्तुको प्रकृतिको परिवर्तन भएर भएको क्षति
(ख) प्रदुषण वा अन्य बस्तुको संसर्ग (कन्टामिनेशन) बाट भएको क्षति
(ग) सुकाउने वा तताउने क्रममा भएको क्षति

## परिच्छेद–४
## शर्तहरू

६. प्रस्ताव र स्वीकृति: (१) बीमालेख जारी गर्नु अघि बीमितले प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।
(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी हुने छैन।
(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना बीमितलाई दिनु पर्नेछ।

७. बीमाशुल्क गणना: बीमाशुल्क गणना गर्दा सम्पत्ति बीमा निर्देशन, २०८० अनुसार गरिनेछ।

८. बीमाशुल्क भुक्तानी: (१) बीमकको तर्फबाट सहिछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन।
(२) बीमाशुल्क भुक्तानी नभएसम्म बीमालेख जारी गरिने छैन।

९. **व्याख्या:** (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, तालिका, सम्पुष्टी, बीमा संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ सम्पत्ति बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

